# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गुल्मीदरबार गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गुल्मीदरबार गाउँपालिका
## गुल्मी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गुल्मीदरबार गाउँपालिका

## गुल्मी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ५४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

गुल्मीदरबर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

गौंडाकोट, गुल्मी ।

१. **कैफियत सहितको राय** — हामीले गुल्मीदरबार गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. ३ करोड ६३ लाख २७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. २९ लाख ५२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. १३ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड १ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८७ लाख ५८ हजार र पेश्की बाँकी रु. ३० लाख ९१ हजार समेत रु. ३ करोड ३३ लाख ७५ हजार रहेको छ । पालिकाको गत वर्ष सम्म सम्परीक्षण पश्चात रु. २ करोड ४७ लाख ४६ हजार बेरुजू बाँकी

रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ८१ लाख २१ हजार रहेको छ । **पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

गुल्मीदरबार गाउँपालिका,

गुल्मी,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८७ | १०४ | ३६३२७ | ० | ३ | २९५२ | ८७ | १०१ | ३३३७५ | १३८२ | १८७५८ | १०१४४ | ० | ० | २८९०२ | ३०९१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ५७९७९ | ० | ३३२३३ | २४७४६ | ० | ३३३७५ | ५८१२१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | | | |
| १ | २०७९।८० | ५३.२ | शिक्षण सहयोग - असुल | ४,८६,०००।- |
| २ | २०७९।८० | ६८.७ | गैह्रसरकारी संस्था मार्फत कार्य — प्रमाण पेश | २४,९००।- |
| ३ | २०७९।८० | ८५ | निर्माण कार्य अधुरो रहेको — प्रमाण पेश | २४,४१,२४१।- |
| | **चालु वर्षको जम्मा** | | | **२९,५२,१४१।-** |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | २०७८।७९ | १६ | कर्मचारी करार - नियमित | २९,०२,४००।- |
| २ | २०७८।७९ | ५३ | बिल भरपाई नभएको - नियमित | २,४२,०००।- |
| ३ | २०७८।७९ | ५५ | नाफामुलक संस्थालाइ अनुदान - नियमित | ३,३९,५००।- |
| ४ | २०७८।७९ | ५७ | बिल भरपाई नभएको - दोहोरो | २,४२,०००।- |
| ५ | २०७८।७९ | ५८ | कराका कर्मचारीलाई पोशाक भत्ता - नियमित | ४०,०००।- |
| ६ | २०७८।७९ | ६१ | दोहोरो तलब भत्ता - असुल | ७६,६२०।- |
| ७ | २०७८।७९ | ७६ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम - प्रमाण पेश | २३,७५,४४०।- |
| ८ | २०७८।७९ | ७८.१ | गैर सरकारी संस्था मार्फत कार्य - नियमित | १,६६,२४,८२९।- |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७८।७९ | ७९.२ | कन्टिजेन्सी रकम फिर्ता - असुल | १,२७,२००।- |
| १० | २०७८।७९ | ७९.५ | फुलको विरुवा खरिद - नियमित | २,९०,१४८।- |
| ११ | २०७८।७९ | ७९.६ | आलेप बेरुजु - नियमित | ५,४१,५८९।- |
| १२ | २०७८।७९ | ८५ | सिकाई सहजीकरण | ८,१०,०००।- |
| १३ | २०७८।७९ | ९४ | स्रोत व्यक्ति सट्टा शिक्षक - नियमित | ६,२६,६००।- |
| १४ | २०७८।७९ | १०१ | विज्ञापन छुट - नियमित | २१९,९६०।५० |
| १५ | २०७८।७९ | १०४ | कोभिड प्रभावित राहत कार्यक्रम - नियमित | २८,६०,०००।- |
| १६ | २०७८।७९ | १०६ | BOQ मा भएको सम्झौता भन्दा बढी भुक्तानी - नियमित | ४५,८२,३४०।- |
| १७ | २०७८।७९ | १०८ | हाजार्ड भत्ता - नियमित | ६१,२००।- |
| १८ | २०७८।७९ | ११० | पेश्की बाँकी - पेश्की फर्स्यौट | २,७२,०६६।- |
| | **गत विगतको जम्मा** | | | **३,३२,३३,८९१।५०** |
| | **कुल जम्मा** | | | **३,६१,८६,०३२।५०** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२९ देखि २०८०।०६।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ६४१७५८७४२।-, राजश्वतर्फ रु. ७१११०८९।-, धरौटीतर्फ रु.३९६५५५८।-, अन्य कारोबारतर्फ रु. ४२५७९०४३।-, को गरी जम्मा रु. ६९५४१४४३३।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट

स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२८,२८०,८००।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.४०,४६४,८५१।६२, र अन्य रु. १,४६३,०००.०० समेत गरी रु. १७०,२०८,६५१.६२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब —**यस पालिकालेसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३८,३६,४९२।८१, यस वर्षको प्राप्ति रु.१८,५५,८७,१४२।६३, यस वर्षको भुक्तानी रु.१५,४२,८७,३३३।४५ र बैङ्क मौज्दात रु.८६,४३,६२९।७८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **६५२३५२२२.६९** | **४४०७५५५७४.८७** | **४७२०५५३८४.०५** | **३३९३५४१३.५१** |
| एकीकृत आर्थिक विवरणअनुसार | ६९०७१७१५.५ | ६२६३४२७१७.५ | ६२६३४२७१७.५ | ४२,५७९,०४३.२९ |
| फरक | ३८३६४९२.८१ | १८५५८७१४२.६३ | १५४२८७३३३.४५ | ८६४३६२९.७८ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,८९,८८,७१६।- मौज्दात रहेकोमा यो वर्ष रु.६९०७१७१५।४९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८,२९,९९९।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | हिसाब मिलान गरेको रकम | फरक |
|---|---|---|---|---|---|
| | संचित कोष | २९९६९८५४.९७ | २९९६९८५४.९७ | | ० |
| | विविध कोष खाता | १०००००० | १०००००० | | ० |
| | आकस्मिक कोष खाता | ० | ० | | ० |
| | पूँजीगत खाता | ० | ० | | ० |
| | धरौटी खाता | ३९६५५५८.५४ | १०८५९४५३.३२ | | ६८९३८९४.७८ |
| | चालू खाता | ० | ० | | ० |
| | विपद व्यवस्थापन कोभिड | ६६१७३५ | ६६१७३५ | | ० |
| जम्मा | | **३३९३५४१३.५१** | **४२४९१०४३.२९** | | **६८९३८९४.७८** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको खरिद व्यवस्थापन तर्फ

**सार्वजनिक खरिद व्यवस्थापनतर्फ**

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित

गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**बेरुजु लगतः**

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• म. ले. प. फाराम ८०१ — बेरुजु लगत
• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
• म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
• म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

**म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः**

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण शाखा**

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रम**

६.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई

भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ

सैद्धान्तिक बेरुजु

६.४ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।०३।१० मा रु. ५५ करोड ६३ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।०३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६.५ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| कार्यक्रम संख्या | कार्यक्रम संख्या | ३२३ | - | - | ३२३ |

सैद्धान्तिक बेरुजु

६.६ **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,९०,९२,१०६।८९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **कुल खर्चमध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिकविकास | ३६८०२००० | २७००९६२३ | ५.७४ |
| सामाजिकविकास | २७३२००००० | २४४८०७१७७ | ५२.०४ |
| पूर्वाधारविकास | १११८७४००० | ९७५८९६६२. | २०.७५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७७३५९८७ | १५५८५३४६ | ३.३१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ११६७२८००० | ८५४१६२०८ | १८.१६ |
| **जम्मा** | **५५६३३९९८७** | **४७०४०७९६२** | **१००.** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८९.६१ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक मा सबै भन्दा घटीमा ७३.१८ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

६.८ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ७१११०८८.९०राजस्व बाँडफाँड र अनुदानबाट रु. ४४३,१४६,९४०.१५ समेत रु. ४५०,२५८,०२९.०५आम्दानी भएकोमा चालु तर्फ रु.३२०,४३२,३३२.८०र पूँजिगत तर्फ रु.१४७,१३२,११६.०७समेत रु. ४६७,५६४,४४८.८७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु९०,०१,०००।-खर्च भएको छ जुन आन्तरिक आयको २ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.९ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १४,८०,८६ | २०,८० | १,२०,०२ | ४,००,७३ | ९,३९,३० | ६७२,८३ |
| प्रतिशत | ७९.०१ | १.११ | ६.४ | २१.३८ | ५०.१८ | ३५.९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१८७४२७०००।-निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२०८००००।-(१.१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१२००२०००।-(६.४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४,००,७३,०००।- (२१.३८ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९३९३००००।—(५०.१८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६७२,८३,०००।-(३५.९० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट

स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९÷८०को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| **विवरण** | **रु १ लाख सम्म** | **रु १ लाख देखि २ लाखसम्म** | **रु २ लाखदेखि ५ लाखसम्मका** | **रु ५लाख देखि १० लाखसम्मका** | **रु १० लाखभन्दा बढीको** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| योजना संख्या | १८२ | ७८ | २३ | १७ | २३ | ३२३ |
| जम्मा रकम | १३४७०००० | १३६५३००० | ६४१८००० | १३४१०००० | ३७९५०२९८ | ७८४८३२९८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५०हजार देखि १० लाख भन्दा बढीको जम्मा ३२३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १८२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ सम्पत्ति हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१० कानून निर्माण एवं कार्यान्वयन**

१०.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, ४वटा नियमावली, ३५कार्यविधि, २ निर्देशिका र १ नर्म्स लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.२ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको १४ गरी कुल १४ विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**११ संगठन तथा कर्मचारी व्यवस्थापन**

११.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.२ **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न २१ पदमा ६५ जना कर्मचारीहरु करारमा राखि रु.२३,५४८,६८२।- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १४ पदमा जना करार नियुक्ति गरी तलव, चाडपर्व खर्च र पोशाक खर्च वापत बर्षभरीमा रु.४२९१२००।-भुक्तानी गरेको अनियमित दिखएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४२,९१,२०० |

११.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।पालिकाले कानुन तथा कार्यविधि नबनाई रु.१७०००००/-प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## १२ कर दस्तुर एवं आन्तरिक आय

१२.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु. ७१,११,०८८।९० अर्थात अनुमान भन्दा ७८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रीय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ३३०,८९०,५१५.६५ | ७१११०८८।९० | २% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **सि न** | **आय शीर्षक** | **अनुमान** | **असुली** | कैफियत |
|---|---|---|---|---|
| १ | भुमिकर /मालपोत/रजिश्ट्रेशन | ५०००००। | १८१६१४६। | |
| २ | सिफारिस दस्तुर | ६०००००। | ९६८०००। | |
| ३ | व्यवसाय कर | ६०००००। | १०५५८१७। | |
| ४ | ब्यक्तिघटना दर्ता दस्तुर | ३०००००। | ५२२३००। | |
| ५ | एकीकृति सम्पती कर | २०००००। | ३५७९७५। | |
| ६ | नाता प्रमाणित दस्तुर | ३०००००। | ३५५६००। | |
| ७ | एम्बुलेन्स संचालन आम्मदानी | १५००००। | २०७२०० | |
| ८ | ढूङ्गा गिट्टी बालुवा रोयल्टी | ८५००००। | ३७०७५०। | |
| ९ | फलाम सिसा कागज कवाडी | १५००००। | १३५०९०। | |
| १० | अन्य कर | ८५००००। | १३२२२१०। | |
| | **जम्मा** | **४५०००००** | **७१११०८८।** | **१५८ प्रतिशत** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२.४ **असुली गर्न बाँकी आन्तरिक आय—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस

स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायीहरूबाट रु. ४,०३,२८३।- असुल गर्ने बाँकी रहेको छ ।

| आयको नाम | ठेकेदारको नाम | गत बर्षसम्मको बाँकी | यस बर्ष असुली | बाँकी | यस बर्षको बाँकी | जम्मा बाँकी |
|---|---|---|---|---|---|---|
| ढुङ्गागिट्टी बालुवा रोडा | सगुन कन्ट्रक्सन | १५१४८३ | ० | १५१४८३ | ० | १५१४८३ |
| ढुङ्गागिट्टी बालुवा रोडा | श्री नाइजल निर्माणसेवा प्रा.लि. | २५१८०० | ० | २५१८०० | ० | २५१८०० |
| जम्मा | | | | | | ४०३२८३ |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०३,२८३ |

१२.५ **स्थानीय तहरूको विभाज्य कोष —** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथि असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन। अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२.६ **राजश्व वाँडफाँड -** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ३,७०,७५० | ४०% | ० | **१,४८,३००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४८,३०० |

१२.७ **सवारी कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.८ **मनोरञ्जन कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.९ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१०५५८१७।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.९०,०१,०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सिन | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिकासदस्य | सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २७००० | २८००० | ३१८००० | १५६००० | ७९२००० | १३२१००० |
| २ | यातायताखर्च | ० | १४४००० | ८४०००० | ४३२००० | ८६४००० | २२८०००० |
| ३ | टेलिफोनमोबाइल | ४२००० | ३६००० | २५२००० | २१६००० | ७२०००० | १२६६००० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ४८००० | ४८००० | २५२००० | २१६००० | ५७६००० | ११४०००० |
| ५ | समन्वय तथा सहजिकरण | १२०००० | ९६००० | ५०४००० | ३६०००० | ८६४००० | १९४४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अतिथिसत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| ७ | खानेपानी /विजुली | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ८ | मर्मतसंभार र विजुली खर्च | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ९ | चाडपर्वखर्च | १५००० | १५००० | ८४००० | ६०००० | १६८००० | ३४२००० |
| | **जम्मा** | ४४४००० | ५४७००० | २५८६००० | १४४०००० | ३९८४००० | ९०,०१,००० |

सैद्धान्तिक बेरुजु

## १४ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाबाट हुनेकार्यहरू रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| **वडा संख्या** | **वड सचिवको दरबन्दी** | **वडा सचिवको पदपूर्ति** | **रिक्त वडा सचिव** |
|---|---|---|---|
| ७ | ७ | ४ | ३ |

सैद्धान्तिक बेरुजु

## १५ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ७७८ |
| मृत्युदर्ता | २५६ |
| बसाईसराई दर्ता | १२८ |
| विवाह दर्ता | ३३२ |

| | |
|---|---|
| सम्बन्धविच्छेद दर्ता | ३६ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

सैद्धान्तिक बेरुजु

## १६ आर्थिक सहायता र अन्य विविध खर्च

१६.१ **आर्थिक सहायता —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१७७९०००।- आर्थिक सहायता वितरण गरेका छन् । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.२ **खाना तथा विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२७७१४४२।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

१६.३ **महोत्सव तथा अन्य खर्च —** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.७५८१२५।-खर्च गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवस्थामा यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १७ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले

कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । बिभागबाट चालु आ.ब.मा ठेक्का बन्दोबस्त गरेको बिबरण देहाय बमोजिम रहेको छः

| **विवरण** | ठेक्का संख्या | | | | | **कुल सम्झौ संख्या** |
|---|---|---|---|---|---|---|
| | **प्रथमत्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथोत्रैमासिक** | **असार महिना** | |
| ठेक्का तर्फ | ३ | ३ | ४ | १० | ४ | २० |
| उपभोक्ता समिति तर्फ | ६ | १३३ | ३१ | १५४ | ४ | ३२४ |

उल्लेखित विवरणमा चौथो त्रेमासिकमा समेत सम्झौता भएको देखियो । अतः पालिकाले समयमै निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

सैद्धान्तिक बेरुजु

१९ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३१,९९,४८८।७६ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु २३,४३,७३४।३८ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२० **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | प्रशासकिय भवन | एम्बियन्स कन्सल्ट प्रा.लि | १०००००० | ९९७००० | २०३१००००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

२१ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन

सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## २४ प्राविधिक प्रतिवेदन पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। यस पालिकाले श्री रुन्खादह माध्यमिक विद्यालयलाई ५ थान Branded Desktop i5 खरिद वापत रु.२७३७४२।-भुक्तानी गरेको छ । विद्यालयले खरिद गरेको कम्प्युटर तोकिएको स्पेटीफिकेशन बमोजिम प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection -PDI) पेश गरेको प्रभाव देखिएन । यसबाट तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भएको र तोकिएको स्पेशिफिकेशन बमोजिमकै सामग्री खरिद गरेको यकिन हुन नसकेकोले प्राविधिक प्रतिवेदन समेत जडान गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७३,७४२ |

## २५ क्याम्पसलाई अनुदान

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले गाउँपालिका चालु शिर्षकमा मानका टीकाराम बहुमुखी क्याम्पसलाई रु.१०००००।- संचालन अनुदान भुक्तानी भएको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

## २६ नाफामूलक संस्थालाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु..

| क सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| १ | ठूलापोखरा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. | भवन मर्मत | १००००० |
| २ | कालिका महिला जागृति बहुउद्देश्यीय सहकारी संस्था लि. | भवन मर्मत | ६९००० |

| जम्मा | | १६९००० |
|---|---|---|
| | अनियमित भएको | १,६९,००० |

२७ **अतिरिक्त कक्षा सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई कागजात संलग्न भएको वा नभएको र संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं ६८०।२०८०।०३।२० बाट पालिकाभरीको माध्यमिक विद्यालयको अंग्रेजी, गणित र विज्ञान विषयको नतिजा सुधार कार्यक्रमको लागि रु.४९५००।-भुक्तानी भएको छ । मा.बिहरुले अतिरिक्त कक्षा सञ्चालन गरेको प्रमाण संलग्न नराखेकोले कार्यक्रम सो कार्यक्रम भयो वा भएन यकिन हुन सकिएन । पालिकाले भुक्तानी गर्दा कार्यक्रम सम्पन्न भएको आधार प्रमाण पेश संलग्न गर्नुपर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

२८ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले गो.भौ.नं ७६६।२०८०।०३।२३ बाट उपाध्यक्ष छात्रा प्रोत्साहन कार्यक्रम र जेहेन्दार छात्रवृति कार्यक्रममा रु.२३००००।-रकम भुक्तान गर्दा पालिकाको कार्यविधिबमोजिम संलग्न हुनुपर्ने प्रमाण तथा कागजातदेहायको विद्यार्थीहरुको संलग्न नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रकम रु.

| **उपाध्यक्ष छात्रा प्रोत्साहन कार्यक्रम** | | | | |
|---|---|---|---|---|
| **सि.नं** | **विद्यालय** | **विद्यार्थीको नाम** | **कक्षा** | **बुझेको रकम** |
| १ | पदम बहादुर मा.बि | लक्ष्मी परियार | ८ | ४००० |
| २ | महाकाली मा.बि | एलिसा रजाली | ६ | ४००० |
| ३ | राजा रुन्खा मा.बि | रक्षा घिमिरे | १० | ६००० |
| ४ | रुन्खा दह मा.बि | रबिना थापा | ८ | ४००० |
| ५ | ईश्वरी मा.बि | रीतिका शाही | ७ | ४००० |
| **जेहेन्दार छात्रवृत्ति कार्यक्रम** | | | | |
| १ | नरहरी मा.बि | पोमकाली माझी | ८ | ३००० |
| २ | पदम बहादुर मा.बि | अजय बलाल | ८ | ३००० |
| ३ | पदम बहादुर मा.बि | यादब भण्डारी | ९ | ५००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | काब्रे पोखरी मा.बि | प्रवाश थापा | ८ | ३००० |
| ५ | राजा रुन्खा मा.बि | सिता बलामी | ७ | ३००० |
| ६ | राजा रुन्खा मा.बि | सन्धया खासु | ९ | ५००० |
| ७ | शारदा मा.बि | सुस्मिता रेग्मी | ८ | ३००० |
| ८ | शारदा मा.बि | अधिष बि.क | १० | ५००० |
| ९ | ईश्वरी मा.बि | अनिशा दर्जी | १० | ५००० |
| १० | ईश्वरी मा.बि | रितेश परियार | ८ | ३००० |
| ११ | ज्ञानोदय मा.बि चन्द्रकोटगा.पा. | रेनुका माझी | १२ | ५००० |
| १२ | ज्ञानोदय मा.बि चन्द्रकोटगा.पा. | सञ्जु माझी | १२ | ५००० |
| १३ | ज्ञानोदय मा.बि चन्द्रकोटगा.पा. | कविता माझी | १० | ५००० |
| १४ | ज्ञानोदय मा.बि चन्द्रकोटगा.पा. | रेस्मी माझी | १० | ५००० |
| | | | प्रमाण पेश नगरेको | ८०,००० |

२९ **भुक्तानीमा कर कट्टी**

आयकर ऐन २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री, बोनस, अवकाश भुक्तानी अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने उल्लेख छ ।पालिकाले गो.भौ.नं. ५०६ मिति २०८०।०२।२४ मा २० जना महिलाहरुलाई २० दिने महिला सीप विकास तालिम संचालन गरी ओम राजश्री मल्टि एग्रो प्रा.लि. लाई देहाय बमोजिमको कारोबारमा भुक्तानीमा कर कट्टी नगरी रु. २५००००।—भुक्तानी गरेकोले करकट्टी रकम निजबाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| **सि.नं.** | **विवरण** | **खर्च रकम** | **करकट्टी गर्नुपर्ने रकम** |
|---|---|---|---|
| १ | कच्चा पदार्थ | ५०००० | ७५०।- |
| २ | सामाग्री | ४४००० | ६६०।- |
| ३ | प्रशिक्षक भत्ता | ६०००० | ९०००।- |
| ४ | सहायक प्रशिक्षक भत्ता | ४२००० | ६३००।- |
| ५ | खाजा खर्च | ४०००० | ६००।- |
| ६ | स्टेश्नरी/व्यानर/प्रमाणपत्र | ७००० | १०५।- |

| | | | |
|---|---|---|---|
| ७ | तालिम पाठ्यक्रम | ७००० | १०५।- |
| **जम्मा** | | | **१७५२०।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,५२० |

## ३० बिल भरपाई अपुग

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण वा कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको गो.भौ.बाट रु.११५९९८।१५ रकम भुक्तानी गरेको छ । आन्तरीक आम्दानी कम रहेको अवास्थामा पालिकाले यस्ता खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| **गो.भौ.नं/मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ९।२०७९।०५।२३ | गोबिन्द थापालाई ईन्धन बापत भुक्तानी | ४४६३४।- |
| १५१।२०७९।०९।२५ | राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान नेपाल, जिल्ला कार्य समितिलाई भुक्तानी | २५०००।- |
| १५४।२०७९।०९।२६ | गुल्मी जिल्ला खेलकुद विकास समितिलाई अनुदान | ५००००।- |
| २४०।२०७९।११।१० | सामुदायिक विद्यालय व्यवस्थापन समिति नेपाललाई अनुदान | २००००।- |
| ७६५।२०८०।०३।२३ | नेपाल रेडक्रस सोसाइटीलाई अनुदान | १५०००।- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५४,६३४ |

## ३१ योजना अनुगमन भत्ता

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी र सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४।२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले देहायको गोश्वारा भौचर र मितिबाट पालिका पदाधिकारी लगायतलाई अनुगमन बापतको रकम भुक्तान गरेको छ ।ऐनले तोकेको सुविधाभन्दा बढी भुक्तानी खर्च लेखेको अनियमित देखिएको रकम रु.

| **गो.भो.नं/मिति** | **विवरण** | **बैठक भत्ता रकम** | **कैफियत** |
|---|---|---|---|
| ४।२०७९।०५।२३ | वडा नं १,३,५,६,७ को योजना अनुगमन | २४५०००।- | चालुतर्फ |
| ५८।२०८०।०३।२४ | योजना अनुगमन | ६५३०५।- | संघीय हस्तान्तरित (पूजिंगत) |
| | | | |

| | |
|---|---|
| अनियमित भएको | ३,१०,३०५ |

## ३२ अनुगमन भत्ता

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारको भौचर नं. र मितिमा योजना तथा कार्यक्रम अनुगमन वापत खर्च लेखेको रकम रु.१११३००।— ऐनको उक्त प्रावधान विपरित भएकोले अनियमित देखिएको रु.

| गो.भौ.नं.।मिति | व्यहोरा | रकम |
|---|---|---|
| ३७५।२०७९।१२।२८ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठीको अनुगमन | २००० |
| ४४२।२०८०।०२।०१ | विभिन्न अनुगमन | १२००० |
| ४८८।२०८०।०२।२१ | स्वास्थ्य आमा समूह पुर्नजागरण कार्यक्रम अनुगमन | २३००० |
| ४७२।२०८०।०२।०५ | कक्षा ८ र ५ को परीक्षा संचालन कार्यक्रम अनुगमन | २८००० |
| ४९२।२०८०।०२।२१ | महिला सिपमूलक तालिमको अनुगमन | ८००० |
| ५४३।२०८०।०३।०१ | दलित सचेतना कार्यक्रमको अनुगमन | ६००० |
| ५७३।२०८०।०३।११ | बालबालिकासँग गाउँपालिका कार्यक्रमको अनुगमन | ६००० |
| ५९१।२०८०।०३।१२ | साथी शिक्षा कार्यक्रमको अनुगमन | १०३०० |
| ५९५।२०८०।०३।१२ | अपाङ्ग क्षमता विकास कार्यक्रम अनुगमन | ६००० |
| ६५६।२०८०।०३।२० | स्वास्थ्य शिविर संचालन कार्यक्रमको अनुगमन | १०००० |
| **जम्मा** | | **१११३००।-** |

| अनियमित भएको | १,११,३०० |
|---|---|

## ३३ सवारी साधन मर्मत

गुल्मीदरबार गाउँपालिकाको सार्वजनिक खर्च मितव्ययिता सम्बन्धी निर्देशिका, २०७७ को बुँदा नं. ११ मा कार्यालयको नाममा रहेको मोटरसाइकल मर्मत खर्च अधिकतम १०,०००।-का उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसारको मोटरसाइकल मर्मत गराउँदा उक्त निर्देशिकाले तोकेको सीमा भन्दा बढी खर्च गरेको छ । कार्यविधीले तोके अनुसार खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं.।मिति | सवारी नं. | खर्च रकम |
|---|---|---|
| ३७५।२०७९।१२।२८ | लु. १. ब. ८१८ | ३७८०५ |
| ४११।२०८०।०१।१५ | लु. १ ब. ११८४ | ११२५० |

| | | |
|---|---|---|
| ५१३।२०८०।०२।२६ | लु. १ ब. ११८४ | १६८७० |
| ५५०।२०८०।०३।०४ | लु. १ ब. १९१७ | १९५०२ |
| ५५०।२०८०।०३।०४ | लु. १ ब. १८६३ | १५३२२ |
| ६२१।२०८०।०३।१८ | लु. १ ब. १९१७ | २५२९८ |
| **जम्मा** | | **१२६०४७** |

सैद्धान्तिक बेरुजु

## ३४ शुभकामना सन्देश तथा क्यालेण्डर छपाई

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था रहेको छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले विभिन्न१२ वटा संघ संस्थाहरूलाई शुभकामना सन्देश तथा क्यालेण्डर छपाई वापतको रकम रु.१४९४५०।-भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३५ सवारी साधन भाडा भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई कागजात संलग्न भएको वा नभएको र संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं २१०।२०७९।१०।१८ मा मिति २०७९।०८।११ देखि २८ सम्म गाडी उपलब्ध गराएबापत गाडीधनी निर्मला खत्रीलाई रु.४५०००।--भुक्तानी दिइएकोमा कुन कुन मितिमा कुन स्थानमा गएको हो सो खुलेको छैन । पालिकालय यस्तो खर्च गर्दा सवारी लकबुक समेत अद्यावधीक गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ३६ जिल्ला दररेट भन्दा बढी भाडा भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा व्यवस्था भएको दररेट निर्धारण समितिले प्रत्येक जिल्लामा पुरै जिल्लाभर वा जिल्लाको कुनै भागमा लागु हुने गरी निर्माण सामाग्री र ढुवानीको दररेट, मेशीन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न सक्ने व्यवस्था छ । पालिकाले श्री राम महायज्ञ रेसुङ्गामा भएको कार्यक्रमको लागि २ दिन निःशुल्क सवारी साधन संचालन गरेको छ । गुल्मी जिल्लाको जिल्ला दररेट निर्धारण समितिले आ.ब २०७९।८० को लागि बस (इन्धन बाहेक) रु.१००००।-तोकेको तर पालिकाले भुक्तानी गर्दा प्रति टिप रु.१३०००।-को दरले रु.४२४७१०।-भुक्तानी गरेकोले अनियमित देखिएको रकम रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२४,७१० |

३७ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले देहायको भौचरहरुबाट खर्च लेखेकोमा सूचिकृत फर्महरुबाट पटक पटक दरभाउपत्रबाट खरीद गरेको छ । सो सम्वन्धमा पालिकाले विभिन्न मितिमा अत्यावश्यक भई खरीद गरेको जनाएको र आगामी दिनमा सुधार गर्ने जनाएको छ । पालिकाले प्रतिश्पर्धाको माध्यमबाट खरीद गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं. | मिति | सप्लायर्स | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| २६४ | २०७९।११।२५ | सुशिला प्रिन्टर्स | मसलन्द तथा कार्यालय सामान | ३७२९५७ |
| ३१५ | २०७९।१२।१४ | अस्मिता पुस्तक स्टेशनरी | मसलन्द तथा कार्यालय सामान | २९८४४३ |
| ७२७ | २०८०।०३।२२ | सार्थक स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामान | १९१७०० |
| ७३२ | २०८०।०३।२२ | अस्मिता पुस्तक स्टेशनरी फोटोकपी | मसलन्द तथा कार्यालय सामान | ३६३९२७ |
| ७४५ | २०८०।०३।२२ | आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस | पुस्तक छपाई | ३१४१४५ |
| १३६ | २०/०९/२०७९ | टेक युथ प्रालि | मसलन्द तथा कार्यालय सामान | १७०७९९ |
| ३१६ | १४/१२/२०७९ | सुशिलाप्रिन्टर्स | मसलन्द तथा कार्यालय सामान | १५०१८३ |
| ३१६ | १४/१२/२०७९ | अस्मिता पुस्तकस्टेशनरी तथा | मसलन्द तथा कार्यालय सामान | १३०६५० |

सैद्धान्तिक बेरुजु

३८ **प्राविधिक भत्ता**

स्थानीय तहले वर्षभरी हुने चालु तथा पूंजीगत खर्च सम्बन्धी योजना तथा कार्यक्रमहरू वार्षिक बजेटमा समावेश गराई बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले वार्षिक तथा कार्यक्रम विपरित मिति २०८०।०३।२१ को कार्यपालिकाको निर्णय बमोजिम प्राविधिकहरूको १२ महिनाको फिल्ड भत्ता वापत रु.४९८०००।-खर्च लेखेको छ। यसरी वार्षिक बजेटमा समावेश नगरी आर्थिक वर्षको अन्त्यमा निर्णय गरी खर्च गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **बैठक भत्ता**

कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अन्तर्गत बैठकको विषयवस्तु र सोको गम्भिरताको एकिन हुनुपर्ने, बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गर्दा निर्देशिकाले तोकेको भन्दा बढी आमन्त्रित सदस्य राखी भुक्तानी गरेको पाइयो। यसरी निर्देशिकाको उक्त प्रावधान विपरित भत्ता खर्च लेखेकोले अनियमित देखिएको रु.

| **गो.भौ.नं./मिति** | **विवरण** | **समिति सदस्य** | **बैठक संख्या** | **रकम** |
|---|---|---|---|---|
| ७५८।२०८०।०३।२३ | सुशासन तथा संस्थागत विकास समितिको बैठक भत्ता | ५ | ४ | २३०००० |
| | स्रोत, अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक भत्ता | ७ | ८ | |
| | भौतिक पूर्वाधार विकास समितिको बैठक भत्ता | ५ | २ | |
| | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक भत्ता | ५ | २ | |
| | राजस्व परामर्श समितिमर्श समितिको बैठक भत्ता | ७ | ४ | |
| | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक भत्ता | ७ | २ | |
| ७६०।२०८०।०३।१५ | सामाजिक विकास समितिको बैठक भत्ता | ७ | ७ | ७१००० |
| | न्यायिक समितिको बैठक भत्ता | ३ | १२ | ७२००० |
| | विधायन समितिको बैठक भत्ता | ३ | २ | १३६०० |
| | आर्थिक विकास समितिको बैठक भत्ता | ५ | १० | ७९००० |

| जम्मा | | ४६५६०० |
|---|---|---|
| | अनियमित भएको | ४,६५,६०० |

४० **सल्लाहकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७७ लुम्बिनी प्रदेशमा स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले प्रेस सल्लाहकार र कानुनी सल्लाहकारलाई यातायात खर्च वापत ९००००।-भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१ **बढी भुक्तानी**

कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५ मा कार्यालय र उपभोक्ताबीच लागत साझेदारीमा कृषि कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था छ।पालिकाले गो.भौ.नं ७८९।२०८०।०३।२४ मा वडा नं १ को, कृषि आधुनिकीकरण मेशिनरी खरिद ६०%अनुदान कार्यक्रमबाट Asian Agro Trade, तिलोत्तमालाई रु.९९४४।९७ गरेको छ । कार्यक्रम बमोजिम ४०% उपभोक्ताले रकम व्यहोर्ने र पालिकाले ६०% रकम व्यहोर्नुपर्नेमा शतप्रतिशत पालिकाले भुक्तान गरेको पाईयो । जसबाट उपभोक्तको सहभागिता नभएको तथा आनुपातिकरुपमा रु.३९७७७।९९ पालिकाले बढी भुक्तानी दिएको छ । यसरी बढी भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ३९,७७७ |

४२ **उपभोक्तालाई खानेपानी महशुलमा अनुदान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले गो.भौ.नं. बलिथुम खहरे खानेपानी उपभोक्ता समितिलाई १ नं. वडा कार्यालयको सिफारिस बमोजिम २२४ घरधुरीको न्यूनतम मासिक महशुल प्रति घर १००।-छुट/सहुलियत गरेको रकम रु.२५००००।-भुक्तानी गर्दा गाउँपालिकाको नाममा समितिले रसिद उपलब्ध गराएको नदेखिएकोले समितिले उपभोक्ताबाट उठाएको रकममा गाउँपालिकाबाट निर्धारण गरिएको छुट/सहुलियत रकम छुट भए नभएको यकिन गर्न सकिएन । तसर्थ वडा कार्यालयको सिफारिस बमोजिम गाउँपालिकाको नाममा न्यूनतम महशुल बराबरको रसिदको प्रमाण पेश हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २,५०,००० |

४३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना

प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् :

४३.१ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०७९।०६।०६ गते, दोस्रो त्रैमासिकको भत्ता २०७९।०९।०६ गते, तेस्रो त्रैमासिकको भत्ता २०७८।१२।२८ गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।०३।०८ गते बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.२ **हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । सम्झौता कार्यान्वयनमा जिम्मेवार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.३ **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भई घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भएका लाभग्राहीको खातामा सो अवधि पछिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको मृत्यु दर्ताको अभिलेख, लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीको मृत्यु भई घटना दर्ता विवरण र लगत कट्टाको विवरण फरक पर्न गएको र सो समय पछिको अवधिमा समेत बैंक मार्फत निकासा गएको हुदाँ छानविन गरी असुल गर्नुपर्ने रु.

| **समुह** | **लाभग्राहीको नाम** | **वडा** | **लगत कट्टा मिति** | **मृत्यु दर्ता मिति** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी भएको** | **बढी** |
|---|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | पुतलादेवी कंडेल | २ | २०७९।०६।३१ | २०७९।०५।०६ | ४८०० | १२००० | ७२०० |
| अन्य जेष्ठ नागरिक भत्ता | मन बहादुर रजाली | २ | २०७९।०८।१९ | २०७९।०८।१९ | ६५३३ | १२००० | ५४६७ |
| अन्य जेष्ठ नागरिक भत्ता | मिन बहादुर थापा | २ | २०७९।०६।३१ | २०७९।०३।०८ | १००७ | १२००० | १०९९३ |
| अन्य जेष्ठ नागरिक भत्ता | चन्द्र कुमारी श्रेष्ठ | २ | २०७९।१२।३० | २०७९।१०।२० | २६६७ | १२००० | ९३३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | वेल बहादुर सार्की | २ | २०७९।०६।३१ | २०७९।०५।२९ | ८००० | १२००० | ४००० |
| जेष्ठ नागरिक एकल महिला | यमकला ज्ञवाली | २ | २०७९।०९।३० | २०७९।०४।१२ | १०६४ | १५९६० | १४८९६ |
| अन्य जेष्ठ नागरिक भत्ता | टोपली खत्री | ५ | २०७९।०६।३१ | २०७९।०५।०७ | ४८०० | १२००० | ७२०० |
| अन्य जेष्ठ नागरिक भत्ता | उद बहादुर बुचा | ५ | २०८०।०२।३१ | २०८०।०२।३१ | ८००० | १२००० | ४००० |
| अन्य जेष्ठ नागरिक भत्ता | रम्मादेवी कँडेल | ५ | २०८०।०३।२६ | २०८०।०२।२५ | ७३३३ | १२००० | ४६६७ |
| अन्य जेष्ठ नागरिक भत्ता | शान्ती ढेगा | ५ | २०८०।०२।१७ | २०८०।०२।१७ | ६२६७ | १२००० | ५७३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | कला कुमारी ढेगा | ५ | २०७९।०८।१४ | २०७९।०८।१४ | ५८६७ | १२००० | ६१३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | कमला कामी | ५ | २०७९।०८।१० | २०७९।०८।१० | ५३३३ | २४००० | १८६६७ |
| अन्य जेष्ठ नागरिक भत्ता | खिम कला वि.के. | ५ | २०८०।०१।२० | २०८०।०१।२० | २६६७ | १२००० | ९३३३ |
| अन्य जेष्ठ नागरिक भत्ता | गंगी खड्का मगर | १ | २०७९।१२।३१ | २०७९।११।२२ | ६९३३ | १२००० | ५०६७ |
| अन्य जेष्ठ नागरिक भत्ता | सुमित्रा सारु मगर | १ | २०७९।१२।२९ | २०७९।११।२८ | ७७३३ | १२००० | ४२६७ |
| अन्य जेष्ठ नागरिक भत्ता | खिना सर्तुङ्गे | १ | २०७९।०९।३० | २०७९।०८।२८ | ७७३३ | १२००० | ४२६७ |
| अन्य जेष्ठ नागरिक भत्ता | चेतमान सर्तुगीं | १ | २०७९।०६।३१ | २०७९।०९।१४ | ४००० | १२००० | ८००० |
| **जम्मा** | | | | | | | **१२९२२३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२९,२२३ |

## ४४ प्रधानमन्त्री रोजगार कार्यक्रम

४४.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका ७९ वटा कार्यक्रम सञ्चालन गरी ९३ जनालाई र औषतमा १०० दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.५३१३०१०।—तथा प्रशासनिक कार्यमा रु.२९२०००।—गरी जम्मा रु.५६०५०१०।-खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहायका वडाहरुमा उल्लेखित योजनाहरु सम्पन्न गरेको जनाएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

| क्र.स. | योजनाको नाम | योजना संख्या |
|---|---|---|
| १ | गोरेटो बाटो मर्मत तथा सुधार | ३७ |
| २ | नाली खन्ने तथा सफा गर्ने | १७ |
| ३ | पधेरो निर्माण तथा सरसफाई | ७ |
| ४ | मोटर बाटो मर्मत | ७ |
| ५ | पाईप लाईन खन्ने पुर्ने | ४ |
| ६ | झाडी फडानी | ३ |
| ७ | बिजुलीको पोल गाडने | ३ |
| ८ | मन्दिर मर्मत तथा सरसफाई | २ |

सैद्धान्तिक बेरुजु

४४.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४५ कोभिड भत्ता भुक्तानी

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । संघिय शशर्त वजेटतर्फ यस आर्थिक बर्षको लागि विनियोजित नभएको कोभिड भत्ता शिर्षकमा ५२ जना कर्मचारीलाई २०७८ श्रावण देखि आश्विनसम्मको कोभिड भत्ताको जनाई पालिकाले गो.भौ.१८।०७९।६।६ बाट रु.२०८९६०५।-खर्च लेखेको छ । यसरी विनियोजन नै नभएको शिर्षकमा तलव खर्च शिर्षकबाट गत विगतको सृजित दायित्व रकम प्रमाणबिना नै भुक्तानी दिएको पाईएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | २०,८९,६०५ |

## ४६ ग्रामिण विधुकरण

४६.१ गुल्मीदरवार गाउँपालिका विधुत महशुल भुक्तानी सम्वन्धी कार्यविधी, २०७९ को दफा २ मा विधुतको प्रयोग गर्ने लाभग्राहि मध्ये नेपाल विधुत प्राधिकरणको विधुत प्रयोग गर्नेको लागि न्युनतम २० युनिट र अन्य सामुदायीक संस्थाको विधुत खपत गर्नेको लागि न्युनतम १० युनिटसम्मको रकम पालिकाले भुक्तानी गरीदिने उल्लेख छ । कार्यविधीको दफा ३(ङ र छ) अनुसार सेवा प्रदायक संस्थाहरुसँग सम्झौता गरी खपत युनिटको विधुत महशुल प्रत्येक तिन।तिन महिनामा अग्रीम बुझाउने र सोको रकम जम्मा गरेको नगदी रसिद तथा भुक्तानी गरेको विलभरपाई सहितको विवरण सम्वन्धित संस्थाले पालिकालई उपलव्ध गराउनुपर्ने उल्लेख । पालिकाले यस बर्ष देहायका संस्थाहरुलाई बार्षिक रूपमा रु.२९३१३००।—भुक्तानी गरेको छ । तर सो संस्थाहरूबाट लेखापरीक्षण अवधीसम्म पनि विल भरपाई सहितको विवरण पेश नभएकोले कार्यविधीमा तोकेको अनुसारको प्रमाण पेश हुनुपर्ने देखिएको, रु.

| सि.नं | संस्थाको नाम | ग्राहक संख्या | भुक्तानी रकम रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | वलिथुम परात्मी सामुदायीक ग्रामिण विधतिकरण समुह | ६६१ | ४७५९२०।- |
| २ | मजुवा ईलाका सामुदायीक ग्रामिण विधतिकरण समुह | ४१२ | २९६६४०।- |
| ३ | विरवास सामुदायीक ग्रामिण विधतिकरण समुह | ५१६ | ३७१५२०।- |
| ४ | दरवार देविस्थान सामुदायीक ग्रामिण विधतिकरण समुह | १०२८ | ७४०१६०।- |
| ५ | नेपाल विधुत प्राधिकरण | २९१० | १०४७०६०।- |
| **जम्मा** | | **५५२७** | **२९३१३००।-** |

| प्रमाण पेश नगरेको | २९,३१,३०० |
|---|---|

४६.२ पालिकाले उल्लेखित संस्थाहरु मध्ये चार वटासँग खपत युनिटको विधुत महशुल प्रत्येक तिन।तिन महिनामा अग्रीम बुझाउने गरी सम्झौता गरेको छ । तर नेपाल विधुत प्राधिकरणसँग सम्झौता नगरी बार्षिक रु.१०४७०६०।—भुक्तानी दिएको छ । पालिकाले कार्यविधीको व्यवस्था अनुसार सो संस्थासँग समेत सम्झौता गरी कारोवार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४७ **शिक्षा शाखाको दरवन्दी**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० मा स्थानीय तथा प्रदेश सरकारले ससर्त अनुदानमा हस्तान्तरित कार्यक्रम र बजेटलाई आफ्नो नीति, कार्यक्रम एवम् बजेटमा अनिवार्य रूपले समावेश गर्ने उल्लेख छ । उक्त कार्यक्रमहरू भुक्तानीमा दोहोरोपन नहुने गरी आवश्यकता अनुसार आफ्नो स्रोतबाट बजेट थप गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने र सोको कार्यान्वयन, अनुगमन र प्रतिवेदन गर्ने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको हुने उल्लेख छ । पालिकाबाट शिक्षातर्फको कार्यक्रम कार्यान्वयनको लागि छुट्टै दरवन्दि रहेकोमा सोको पदपूर्ति तर्फ ध्यान नदिई एकजना विद्यालय शिक्षकलाई काजमा पालिकामा राखि कार्यक्रम संचालन गर्नेगरेको देखियो । जसले गर्दा तोकिएको जिम्मेवारी पुरा गर्न शिक्षकहरु असमर्थ हुने देखिएकोले दरवन्दि अनुसारको कर्मचारी पूर्तिको लागि पहल गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४८ **तलवी भरपाई**

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई, संचयकोष कट्टा दाखिला एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टादाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिका अन्तर्गतका अधिकांश विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेतापनि केहिले पालना गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ ।

४९ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरु (वालविकास सहित) मा १९१ जना शिक्षक दरवन्दी रहेको र सोहि अनुसारको पदपूर्ति भएको देखियो । पालिका अन्तर्गतका विद्यालयहरुमा कूल ४१११ जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:२१ र देहायका न्युन विद्यार्थि रहेका विद्यालयमा मात्रै प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा १:१७ देखिन्छ । यसरि विद्यार्थिहरुको संख्या नगण्य रहेको अवस्थामा समेत पालिकाले पुनः आन्तरीक वजेटबाट निजि शिक्षकको लागि समेत अनुदान दिने गरेको पाईयो । पालिकाबाट पेश भएको विवरण अनुसार देहायका विद्यालयमा औसत अनुपात भन्दा बढी संख्यामा शिक्षक दरवन्दी देखिन्छ भने विद्यालय निरीक्षणको अवधिमा एक विद्यालयबाट अर्को विद्यालयको दुरी न्यून देखिन्छ । अत; विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी विद्यालयहरुको मर्जर प्रकृयाको थालनि गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | विद्यार्थी संख्या २०७९ | अनुपात |
|---|---|---|---|---|
| १ | जनज्योतिप्रा.वि. | १ | १ | २१ |
| २ | रैनादीप्रा.वि. | ४ | ४ | १८.७ |
| ३ | माझीप्रा.वि. | ३ | ३ | २६.६ |
| ४ | काब्रेपोखरीमा.वि. | १४ | १४ | १४.९ |
| ५ | जनताप्रा.वि. जभुङ्ग | ३ | ३ | १० |
| ६ | ने.रा.प्रा.वि. | १ | १ | २७ |
| ७ | दिपज्योतीप्रा.वि. | १ | १ | २४ |
| ८ | म्यालपोखरीमा.वि. | १९ | १९ | १५.७ |
| ९ | स्वामीपोखरीप्रा.वि. | १ | १ | १८ |
| १० | माइकास्थानप्रा.वि. | २ | २ | १६.५ |
| ११ | रत्नआधारभूत विद्यालय | ७ | ७ | १६.८ |
| १२ | सरस्वतीप्रा.वि. बाखे | २ | २ | ११ |
| १३ | सरस्वतीप्रा.वि. भट्टेचौर | ५ | ५ | १६.४ |
| १४ | जनताप्रा.वि. बिरबास | २ | २ | २४ |

| | | | | |
|---|---|---|---|---|
| १५ | जोतिर्मयप्रा.वि. | १ | १ | २० |
| १६ | हटियाप्रा.वि. | २ | २ | २९.५ |
| १७ | ज्ञानोदयप्रा.वि. | २ | २ | २१.५ |

यसरी न्यून विद्यार्थी रहेका विद्यालयलाई पालीकाले विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जान आवश्यक देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **पालिका वजेटबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थि अनुपात वेगर तथा दरवन्दि मिलान वेगर पालिकाले तथा वडाबाट विद्यालयलाई संचालन अनुदानको लागि जनाई १३ विद्यालयमा ३७ जना शिक्षकको लागि रु.४४२००००।-र तथा पालिकाले पुनःथप १६ जना अन्य शिक्षकको नाममा रु.४२९६६००।—निकासा सहित कूल रु.८७१६६००।-तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत दरबन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थि अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थि रहेको विद्यालयमा अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८७,१६,६०० |

५१ **लघुउद्यम कार्यक्रम**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.३५०००००।-रकम विनियोजन भएकोमा रु.३००५६००।५० खर्च गरेको पाईयो । पालिकाले यस बर्ष विभिन्न प्राविधिक सिपमूलक तालीम संचालन गरी विभिन्न सहभागिलाई तालीम प्रदान गरि उपकरणहरु समेत वितरण गरेको छ । पालिकाले यसरी गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पुनः अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरी अनुदानको सहि सदुपयोग गर्नुपर्ने देखिन्छ । पालिकाले सो सम्वन्धमा आधिकारीक रुपमा अनुगमन गरेको अवस्था छैन, सो सम्वन्धमा ध्यानदिनु पर्दछ ।

| **सि.न** | **तालिम** | **सहभागी** | **खर्च रकम** |
|---|---|---|---|
| १ | उद्यमशिलता विकासतालिम | ९१ जना | १९०४०० |

| | | | |
|---|---|---|---|
| २ | डेकोरेशन माला बनाउनेतालिम | २४ जना | १०१८५० |
| ३ | माला बनाउने तालिम | १२जना | १०१८५० |
| ४ | सिलाईकटाई तालिम | ११ जना | १७७४७५ |
| ५ | डलकुशन तालिम | ६ जना | ४५७५० |
| ६ | अटो चलाउने तालिम | २ जना | ४४५०० |
| ७ | डल कुशन बनाउने तालिमपहिलो | १२ जना | ७५५३० |
| ८ | डल कुशन बनाउने तालिमदोस्रो | ८ जना | ७५५३० |
| ९ | मकैका खोस्टाबाट ह्याटर ब्याग बनाउने तालिम | १० जना | ९२५३५ |
| १० | ब्यूटिसियन तालिम | ८ जना | १०८६५० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५२ आधारभुत स्वास्थ्य चौकी

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकाले आधारभूत स्वास्थ्य चौकिमा कार्यरत र पालिका चालु शिर्षकबाट खर्च व्यहोर्नुपर्ने अ.हे.व.उषा शाह र अ.न.मी. मिना पाण्डेको बार्षिक तलव खर्च रु.६१३८००।-संघिय शशर्त शिर्षकबाट खर्च लेखेको छ । जसले गर्दा संघिय शशर्ततर्फ व्ययभार बढेको छ, यस्तो खर्च रकम संघिय संचित कोषमा फिर्ता हुनुपर्दछ, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१३,८०० |

## ५३ शिक्षण सहयोग

५३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालय | शशर्त दरवन्दी | पालिका अनुदान | कार्यक्रमबाट अनुदान | अनुदान रकम | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|---|
| 1. | महाकालि नि.मा.वि. | - | २ | २ | २००००० | ३९ जना |
| 2. | रत्न आ.वि. | - | १ | १ | २००००० | ३४ जना |
| 3. | गंगा आ.वि. | - | १ | १ | २००००० | ५८ जना |
| 4. | ठूलो पोखरा मा.वि. | ३ | १ | २ | ४८६००० | ५० जना |
| 5. | वलिथुम नरहरी कणेल मा.वि. | - | ३ | २ | ६८४००० | २७ जना |
| 6. | पदम बहादुर मा.वि. | - | १ | २ | ६८४००० | ३३ जना |
| 7. | राजारून्खा मा.वि. | - | १ | २ | ६८४००० | ३२ जना |
| 8. | शारदा मा.वि. | - | - | २ | ६८४००० | ४५ जना |

सैद्धान्तिक बेरुजु

५३.२ *✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु. ४,८६,०००।- सम्परीक्षण गरिएको ।)*

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ५४ कृतिम गर्भाधान

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राखुपर्ने व्यवस्था छ । पालिकाले कृतिम गर्भाधारण मिसन कार्यक्रम अन्तर्गत औषधि खरीद गरेको भनि विन्दवासिनी एग्रोभेट सेण्टरलाई विभिन्न गो.भौ.बाट रु.२४५२९०।-खर्च देखाएको छ । पालीकाको बार्षिक विवरण परीक्षण गर्दा यस बर्ष १७४ वटा गाई तथा २२९ वटा भैंसिमा मात्र कृतिम गर्भाधान सेवा उपलव्ध गराएको देखियो ।पालिकाले कृषकहरुलाई आर्थिक बर्षभर प्रदान गर्ने सेवामा अझै सुधार हुनु जरुरी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ५५ पाठ्यपुस्तक वितरण

५५.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको

विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा प्रथम किस्ता गो.भौ.१५३।०८०।१।१० बाट रु.१७७३३४५।-र पुनः थप निकासा गो.भौ.२५१।०८०।३।१८ बाट विभिन्न विद्यालयहरुलाई मागका आधारमा रु.३२०९५४।५४ निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई IEMIS मा भएको तथ्याङ्क भन्दा बढि, दिनुपर्ने दररेट भन्दा धेरै तथा भरपाई भन्दा बढि रकम निकासा दिएको पाईएकोले बढि निकासा रकम असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु.

| सि.नं | विद्यालयको नाम | दिनुपर्ने निकासा | निकासा गएको | बढि निकासा |
|---|---|---|---|---|
| १ | वलिथुम मा.वि. | ११५८६१ | ११९९२३ | ४२४२ |
| २ | शारदा मा.वि. | १४४४१४ | १४९०७६ | ४६६२ |
| **जम्मा** | | | | **८९०४।-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९०४ |

५५.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । साथै पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको दररेटमा ऐच्छिक पुस्तकको हकमा प्रतिपेजको दररेट तोकेको छ । तर पालिकाले विद्यालयहरुलाई पुस्तकको रकम निकासा दिंदा कुन कुन पुस्तक के कति पेज र मूल्यका थिए सोको अभिलेख बेगर नै देहायका विद्यालयहरुलाई निम्नानुसारको रकम निकासा दिएको छ । सो निकासा सम्वन्धमा यकिन हुन सकिएन, सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ ।

| सि.नं | विद्यालयको नाम | निकासा गएको | ऐच्छिक बिषयको खर्च |
|---|---|---|---|
| १ | वलिथुम मा.वि. | ११९९२३ | ४४०८ |
| २ | पदम बहादुर मा.वि. | ११९०७७ | ३१८७ |
| ३ | थाक्सि पोखरा मा.वि | १४७७३२ | ४९४६ |
| ४ | काभ्रेपोखरा मा.वि | ११४४९४ | ७११२ |
| ५ | सूर्योदय मा.वि | १६०८६३ | ९८६८ |
| ६ | रुन्खादह मा.वि | २९३४६३ | १५७५५ |
| ७ | ठूलो पोखरा मा.वि | ११२५०४ | ५४५४ |
| ८ | ईश्वरी मा.वि | २०८३७३ | १२१२७ |

| | |
|---|---|
| **जम्मा** | **६२८५७।-** |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५६ **विद्यार्थि संख्यामा फरक**

नेपाल सरकारको शिक्षा निती अनुसार आधारभूत तहमा विद्यार्थिहरुलाई ग्रेडिङ्ग गरी स्तर वृद्धि गर्ने रहेको छ । तर पालिकाको IEMIS मा शैक्षिक बर्ष २०७९ मा देहायअनुसार कक्षा १ मा रहेकोमा शैक्षिक बर्ष २०८० मा कक्षा २ मा जाने विद्यार्थिहरु अस्वाभाविक रुपमा घटेको देखाएको छ । विद्यालयहरूले प्रत्येक बर्ष बालविकासको अधिकांश विद्यार्थिहरुलाई कक्षा १ मा देखाउने र अर्को बर्ष पुनः सोहि विद्यार्थिहरुलाई कक्षा १ मा देखाउने गरेको पाईयो । जसले गर्दा अगाडिको बर्षको कक्षा १ को विद्यार्थि कक्षा २ मा देखिने गरेको पाईएन । पाठ्यपुस्तक, छात्रवृत्ति लगायतको सुविधा उपभोग गर्ने प्रयोजनले IEMIS मा बालविकासको विद्यार्थिहरु देखाउने प्रवृत्ति भन्दा पनि वास्तविक विद्यार्थिहरु देखाउनेतर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

| **सि.नं** | **विद्यालय** | **२०७९ मा कक्षा १ विद्यार्थी** | **२०८० मा कक्षा २ विद्यार्थी** | **फरक** |
|---|---|---|---|---|
| 1. | काभ्रेपोखरी मा.वि. | ३२ | १२ | २० |
| 2. | सूर्योदय मा.वि. | ३३ | ९ | २४ |
| 3. | म्यालपोखरी मा.वि. | १७ | ९ | ८ |
| 4. | राजारून्खा मा.वि. | ४० | १० | ३० |
| 5. | रून्खादह मा.वि. | २४ | ५ | २९ |
| **6.** | पदम बहादुर मा.वि. | ४७ | १५ | ३९ |
| **7.** | ईश्वरी मा.वि. | ५४ | ११ | ४४ |
| **8.** | शारदा मा.वि. | ५३ | ११ | ४२ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५७ **छात्रवृत्ति वितरण**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) वितरण अन्तर्गत पालिकाले विभिन्न विद्यालयहरुमा गो.भौ. १६६।२०८०।२।४ बाट छात्रावृत्ति बापतको रकम रु.६८५१००।- निकासा दिएको पाईयो । पालिकाले निकासा दिएको रकम मध्ये सूर्योदय मा.वि. लाई रु.३८६००।—निकासा दिएकोमा रु.३६६००।—मात्र विद्यार्थिहरुलाई बुझाएको पाईएकोले बढी निकासा रकम रु.२०००।—सम्वन्धित विद्यालयहरुबाट असूल हुनुपर्ने, रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २,००० |

५८ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो, तेस्रो र चौथो त्रैमासिक निकासा दिंदा पहिलो त्रैमासिक निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ४७ विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.१०१।०७९।११।१४ बाट रु. ३४३२१८०।—दोस्रो किस्ता गो.भौ.२१४।०८०।३।१ बाट रु.१८७४२०५।-र तेस्रो किस्ता निकासा गो.भौ.३३८।०८०।३।२२ बाट रु.९८५९८०।-गरी जम्मा रु.६२९२३६५।- विद्यालयहरुलाई निकासा दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

५८.१ विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराईस्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या यकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी कार्यालयले प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई तिन किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिनेतर्फ पालिकाले ध्यादिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५८.२ कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवाखाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विलभरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउनेउल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५८.३ कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पालिकालेविद्यालयहरुले पेश गरेको विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थिको तथ्याङ्कको आधारमा चौमासिक रुपमा दिवा खाजाको रकम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले विद्यार्थीको हाँजिरी र पालिकामा अद्यावधिक विद्यार्थिको तथ्याङ्क भन्दा बढी देहायको विद्यालयहरुलाई निकासा दिएको पाईयो । अतः उक्त रकम असूल गरी दाखिला हुनुपर्दछ, रु

| सि.नं | विद्यालयको नाम | निकासा दिनुपर्ने | निकासा दिएको | बढि निकासा रु. |
|---|---|---|---|---|
| 1. | वलिथुम मा.वि. | ३६३८४० | ३७१४६० | ७६२०।- |
| 2. | रून्खादह मा.वि. | २९१९४५ | ३०३३४५ | ११४००।- |
| **जम्मा** | | | | १९०२०।- |

| असुल गर्नुपर्ने | १९,०२० |
|---|---|

## ५९ एक शिक्षण संस्था एक उद्यम

एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८० को दफा १३ मा कार्यक्रम संचालन गर्ने विद्यालयले सम्झौता भएको १५ दिन भित्र कार्यप्रगति पालिकामा बुझाउनुपर्ने साथै दफा १५ मा पालिकाले सो कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । पालिकाले म्यालपोखरी मा.वि. सँग २०८०।२।२६ मा एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयनको लागि सम्झौता गरेकोमा सोको आधारमा गो.भौ.३२९।०८०।३।२१ बाट रु.५२५०००।—विद्यालय खातामा निकासा दिएको छ ।सो रकमबाट सम्झौता अनुसारको काम गरे नगरेको पालिकाले अनुगमन गरेको नपाईएको तथआ लेखापरीक्षण अवधीसम्म सोको विल भरपाई समेत पेश गरेको छैन । पालिकाले सोको अनुगमन गरी सम्झौता अनुसारको कामको प्रमाण समेत पेश हुनुपर्दछ, रु.

| प्रमाण पेश नगरेको | ५,२५,००० |
|---|---|

## ६० सेनीटरी प्याड खरीद

६०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालीकाले नियमावलीको व्यवस्था अनुसार गर्नुपर्नेमा तिन फर्मबाट दरभाउपत्र लिई सो मध्येको कम कवोल फर्मबाट खरीद गरेको छ । पालिकाले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसारको स्पेशिफिकेशन २४०+-२० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको सेनीटरी प्याड खरीद नगरी २८०+-२० mm को प्रति प्याड रु.९२।९२ का दरले हुने रु.९०३०९३।—को के.जि.ट्रेडर्सबाट सम्झौता गरेको पाईयो । पालिकाले सम्झौता अनुसारको सामान प्राप्त भएको जनाई गो.भौ.३४४।०८०।३।२२ बाट रु.९०३०९३।- भुक्तानी गरेको पाईयो । पालिकाले विद्यार्थिहरुले सम्वन्धित शैक्षिक शत्रमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको चौथों त्रैमासिकमा मात्रै खरीद गरेकोले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमा नै खरीद गरी बर्षभरी नै उपयोग हुनुपर्दछ । अतः पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.२ पालिकाले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसारको स्पेशिफिकेशन २४०+-२० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को सेनीटरी प्याड खरीद नगरी २८०+-२० mm को प्रति प्याड रु.९२।९२ का दरले हुने रु.९०३०९३।—को के.जि.ट्रेडर्सबाट सम्झौता गरेको पाईयो । यसरी बर्षान्तमा खरीद गर्ने तथआ कार्यविधीको दफा ३(४) को अनूसूची १ अनुसार २४०+- २० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको साईजको तथा PH Value 6-8-5 को को साईजमा खरीद नगर्दा विद्यार्थिहरुलाई आवश्यकता भन्दा ठूलो भएकोले नेपाल सरकारको लक्ष्य अनुरुपको प्रगती हाँसिल हुन नसक्ने अवस्था देखियो । कार्यविधीले तोकेअनुसार खरीद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६०.३ पालिकाले खरीद गरेको उल्लेखित ८६०० सेनिटरी प्याडको गो.भौ.३४४।०८०।३।२२ बाट रु.९०३०९३।— भुक्तानी के.जि. ट्रेडर्सलाई दिएको छ । पालिकाले सोको मू.अ.कर रु.१०३८९७५।—को तिस प्रतिशतले हुने रु.३११६९।—कट्टा गरेर भुक्तानी दिनुपर्नेमा शतप्रतिशत नै भुक्तानी दिएको छ । अतः सोको मू.अ.कर समायोजन पत्र पेश हुने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,१६९ |

६०.४ पालिकाले खरीद गरेको उल्लेखित ८६०० सेनिटरी प्याड जिन्सि खातामा आम्दानी जनाएको छ । तर सो सेनिटरी प्याड सोहि आर्थिक बर्षमा विद्यालय शिक्षकलाई बुझाएको जनाई भरपाई पेश गरेको छ । तर सो सामाग्री विद्यालय जिन्सी खातामा दाखिला छ छैन सोको प्रमाण पेश भएको छैन । सम्वन्धित लक्षितवर्गले सुविधा उपभोग गर्नेगरी दाखिला प्रमाण पेश हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६१ राष्ट्रिय शिक्षा नीतिको पालना

६१.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्।

¬ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
¬ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
¬ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
¬ प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६१.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

## ६२ **नमूना युवा संसद अभ्यास**

६२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने तथा पेश हुन आएका विल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले भुक्तानी गर्नु अघि प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा क्लव गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रमको सोधभर्ना जनाई गो.भौ.१२८।१२।१९ बाट रु.३५००००।—खिम बहादुर थापाको नाममा खर्च लेखेको छ । सो कार्यक्रममा जम्मा ३० जना सहभागि रहेकोमा रु.३४०५२५।—को मात्रै विल भरपाई पेस भएको छ । यसरी रु.९४७५।—कम विल भरपाई रहेको हवस्थामा समेत पुरै खर्च भुक्तानी दिएको रकम सम्वन्धितबाट असूल हुने, रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ९,४७५ |

६२.२ अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार तालिम गोष्ठी सेमिनार कार्यशालामासम्बन्धित कार्यालयले संचालन गरेकोमा सोही कार्यलयको प्रशिक्षक भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक पाउदैन तर कार्यपत्र वापतको पारिश्रमिक मात्र पाउने व्यवस्था छ ।त्यस्तै पालिका भन्दा बाहिरको प्रशिक्षकलाई प्रति शेशन प्रशिक्षण वापत रु.१०००।—र कार्यपत्र बापत रु.४००।—गरी जम्मा रु.१४००।—खर्च लेख्न सकिने उल्लेख छ ।पालिकाले २०७९१०।१६ देखि १९ सम्म गरी ४ दिन संचालन गरेको उल्लेखित तालिममा

देहायका वाह्य प्रशिक्षकले कक्षा संचालनको पारीश्रमिक रु.२५००।-का दरले भुक्तानी दिएको आधारमा भुक्तानी लिएको पाईएकोले बढी खर्च दावी रकम रु. सम्वन्धितबाट असुल हुने, रु

| सि.नं | प्रशिक्षक | शेशन | बढी दर | कर कट्टा सहित बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | आयुशा कणेल | ८ | ११००।- | ७४८०।- |
| २ | आविश्कार पराजुली | ८ | ११००।- | ७४८०।- |
| **जम्मा** | | | | **१४९६०।-** |

| असुल गर्नुपर्ने | १४,९६० |
|---|---|

## ६३ वन पैदावार आय असूल नभएको

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६४ औषधी खरिद

६४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले यस बर्षआवश्यक पर्ने विभिन्न ८७ आईटम औषधी तथा औषधीजन्य सामान खरीदको लागि विंभिन्न फर्मको दरभाउपत्र लिई सोको औषतको आधारमा मात्रै लागत अनुमान तयार गरेको पाईयो । सोहि लागत अनुमानको आधारमा २०७९।८।१८ मा ठेक्का नं ३।०७९।०८० बाट वोलपत्र सूचना जारी गरेकोमा चार फर्मको वोलपत्र परेको पाईयो । पालिकाले सवैभन्दा कम रु.६२७६१४।०९ कवोल गर्ने फर्म समुन्द्र मेडिको फर्मासँग ४५ दिन भित्र औषधी तथा औषधीजन्य सामान आपूर्ति गर्नेगरी २०७९।९।२८ मा सम्झौता गरेको छ। पालिकाले लागत अनुमान तयार गर्दा नियमावली,को व्यवस्था अनुसार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा

नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । समुन्द्र मेडिको फर्मासँग ४५ दिन (२०७९११।१२) भित्र औषधी तथा औषधीजन्य सामान आपूर्ति गर्नेगरी २०७९।९।२८ मा सम्झौता गरेकोमा आपूर्तकले २०८०।२।१९ मा मात्रै सामान आपूर्ति गरी जिन्सी दाखिला गरेको अवस्था छ । यसरी तोकिएको समयसिमा भन्दा ९७ दिन ढिला केहि सामान वाहेक आंशिक रूपमा आपूर्ति गरेको पाईएकोले पूर्वनिर्धारीत क्षतिपूर्ति रकम रु.३०४३९।२८ असूल गरेर मात्र भुक्तानी दिनुपर्नेमा पालिकाले गो.भौ.३१८।२०८०।३।२० बाट रु.५५५८३६।—भुक्तानी दिएको छ । सम्वन्धीत आपूर्तिकर्ताबाट पूर्वनिर्धारीत क्षतिपूर्ति असूल हुने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,४३९ |

६४.३ स्वास्थ्य सम्वन्धी आधारभुत आपूर्ति व्यवस्थापन तालिम पुस्तिका, २०७६ मा औषधीको स्विकृत मौज्दात तथा आकस्मिक मागविन्दु निर्धारण चरणहरु तथा परिमाण सम्वन्धी उल्लेख गरेको छ । पालिकाले यस बर्ष औषधीको स्विकृत मौज्दात के कति रहने र खरीद गर्ने प्रकृया के रहनेबारे कार्ययोजना बनाएको छैन । पालिकाले ठेक्का नं ३।०७९।०८० बाट वोलपत्र सूचना जारी रु.५५५८३६।—को औषधीजन्य सामान खरीद गरेको भएतापनि शशर्त तर्फको वचत रकम तथा गाउँपालिका तर्फको चालु वजेटबाट पुनःवोलपत्र मार्फत खरीद गर्नुपर्नेमा पटक पटक अत्यावश्यक जनाई गरी दरभाउपत्रको माध्यमबाट खरीद गरेको छ । यसरी बर्षभरीमा रु.२२१५८३९।—को खरीद गरेको छ । पालिकाले शशर्त तथा गाउँपालिका तर्फको चालु वजेटमा विनियोजित रकमको प्याकेज वनाई खरीद गर्नुपर्ने तर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४.४ स्वास्थ्य सम्वन्धी आधारभुत आपूर्ति व्यवस्थापन तालिम पुस्तिका, २०७६ मा औषधीको Self-Life आपूर्ति अवधीमा न्युनतम १८ देखि २४ महिना सम्मको हुनुपर्ने उल्लेख छ । पालिकाले ठेक्का नं ३।०७९।०८० बाट वोलपत्र सूचना जारी गरी रु.५५५८३६।—को खरीद गरेकोमा केहि औषधी तथा औषधीजन्य सामानको Self-Life अत्यन्तै न्युन रहेको पाईयो । यसरी न्युन Self-Life रहेको अवस्थामा समेत सो औषधी पालिकाले सकार गरेको छ । स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने तथा सम्झौता अनुसारको आपूर्ति गर्नुपर्नेमा नगरेको अवस्थामा समेत गो.भौ.३१८।२०८०।३।२० बाट भुक्तानी दिएको पाईयो । पालिकाले सो सम्वन्धमा कम परीमाणमा रहेको उक्त औषधी Self-Life अवधीमा नै खपत भएको जनाएको छ । पालिकाले सम्झौता अनुसारको औषधी प्राप्त भएपश्चात मात्र भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

| **सि.नं** | **औषधी** | **विल मिति** | **हुनुपर्ने Salf Life** | **Expired Date** | **परीमाण** | **रकम** |
|---|---|---|---|---|---|---|
| 1. | Amlodipine ५mg | २०२३।१।२० | २०२४।७।३० | २०२४।६।३० | ४१९२५ | ८३८५०।- |
| 2. | Ibuprofen ४४mg | " | " | २०२४।४।३० | २००० | ४४००।- |
| 3. | Iron and Folic Acid | " | " | २०२४।५।३० | १००० | ३०००।- |
| 4. | Amoxycillin Syrup | " | " | २०२३।१२।३० | १००० | ६५००।- |
| 5. | Calamine Lotion ३० ml | " | " | २०२४।७।३० | २२ | २२००।- |

| जम्मा | ९९९५०।- |
|---|---|

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४.५ खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **बाख्रा पकेट विकास कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद–४ को ४.१.४ मापकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । साथै पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि पहाडमा बाख्रा पालनको लागि न्यूनतम १००० वटा बाख्रा पालन हुनुपर्ने उल्लेख छ । पालीकालाई यस बर्ष तरकारी बाख्रा पकेट विकास कार्यक्रम संचालनको लागि रु.१५०००००।–रकम विनियोजन भएकोमा सो सम्वन्धी विवरण निम्नानुसार छन् ।

६५.१ पालिकाले बाख्रा पकेट विकास कार्यक्रम संचालनको लागि २०७९।१२।१४ मा प्रस्ताव मागको सूचना आव्हान गरेको पाईएकोमा तिन प्रस्ताव पेश हुन आएको जनाई २०७९।१२।१४ को निर्णयबाट बलिथुम कृषि तथा पशुपंक्षि कृषक समूह, वडा नं-१ लाई छनौट गरी कार्यक्रम दिने निर्णय गरेको छ । बाख्रा पकेट विकास कार्यक्रम संचालनको निर्देशिकामा उल्लेखित १००० वटा बाख्रा पालनको मापदण्ड पुगेको कृषक समुहलाई मात्रै छनौट गर्नुपर्नेमा पालिकाले १४० जना घरधुरी जनाएतापनि बाख्रापालन १००० वटा रहेको पाईएन । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत पालिकाले निज समुहसँग २०८०।३।१० सम्ममा सम्पन्न गर्नेगरी २०८०।१।२३ मा सम्झौता गरी रु.३०४९७५४।–को कार्य भएको जनाई पालिकाले गोःभौ.३४५।०८०।३।२२ बाट रु.१५०००००।–भुक्तानी दिएको छ । यसरी मापदण्ड पुरा नगरेको अवस्थामा समेत अनुदान दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

६५.२ कृषक समूह र पालिका विच भएको सम्झौता वमोजिमको कार्य सम्पन्न जनाई रु.३०४९७५४।—को विल विजक पेश गरेकोमा सोको परीक्षण गर्दा सम्झौतामा तथा प्रस्तावमा उल्लेखित र पालिकाको योगदान रहने क्षेत्रमा रु.१४७१६००।—मात्र खर्च गरेको पाईयो । तर पालिकाले सोको आधारमा सो समुहलाई गो.भौ.३४५।०८०।३।२२ बाट रु.१५०००००।-भुक्तानी दिएकोले रु.२८४००।—बढी भुक्तानी भएको छ । यसरी वास्तविक कार्यभन्दा बढि भुक्तानी भएको रकम रु.२८४००।-सम्वन्धितबाट असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,४०० |

## ६६ आय ठेक्कामा मूल्य अभिवृद्धि कर

आय ठेक्कामा मूल्य अभिवृद्धि कर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.९६३९५/- र सम्झौता बमोजिम तिर्नुपर्ने अग्रिम आय कर रु. ११११२२/५० असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | व्यवसायी | न्यूनतम कायम रकम | कबोल रकम | मू.अ.कर | अग्रिम आय कर |
|---|---|---|---|---|---|
| १ | नाइजल निर्माण सेवा (नदीजन्य उत्खन्न) | ७४०४९२/- | ७४१५००/- | ९६३९५/- | ११११२२/५० |
| २ | रुरु रेसुङ्गा कन्स्ट्रक्सन, गुल्मी (कबाडी सामान) | १५००००/- | १५०१००/- | १९५१३/- | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२७,०३१ |

## ६७ पाम्सको प्रयोग

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फ खरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६८ गैह्सरकारी संस्था मार्फत कार्य

पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्रबीचको सहकार्यमा गरिबी न्यूनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा वृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाखा वितरण, खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्नयस गुल्मीदरवार गाउँपालिकाले मिति२०८०।७।१४ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।७।२१ मा ४०००००००।— सम्झौता छ । सो सम्झौता पुनः २०७८।८।२१ मा संशोधन भई रु.४००४४०००।—पालिकाले र रु.१३३४८०००।—हेफर नेपालले गरी कूल रु.५३३९२०००।—को सम्झौता भएकोमा यस बर्ष रु.६७६४८६१।-समेत गरी हालसम्म पालिकाको योगदानको रु.२३३८९६८०।—भुक्तानी गरेको छ । हेफर नेपालको योगदान रु.८०१६५६२।—सहित अलसम्ममा रु.३१४०६२४२।—खर्च भएको देखिएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

६८.१ हेफर नेपालसँग भएको कूल सम्झौता रकमको ५८.४१ प्रतिशत मात्र देहाय अनुसारका शीर्षकमा विगत २ वर्षमा खर्च गरेको पाइयो । सम्झौता भन्दा न्यून खर्च भएको सम्बन्धमा प्रगति समीक्षा गरेको पाइएन । सम्झौता अवधिको खर्चको अवस्था देहाय अनुसार छ ।

**रु.हजारमा**

| सि.नं. | कार्यक्रमको नाम | गत बर्ष सम्म | | यो बर्षको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | बाखाको खोर निर्माण | ४६ | ६९०००० | १६४ | ३४९८००० | २१० | ४१८८००० |
| २ | बाखा वितरण | २५५ | २०५४२५० | १२० | ८७४८०० | ३७५ | २९२९०५० |
| ३ | बोका वितरण | २८ | ६५७८०० | २६ | ६६०४०० | ५४ | १३१८२०० |
| ४ | तरकारी खेती कार्यक्रम (३९ समूह) | | ५०९२१० | ३९ | ४३१५२७ | ३९ | ९४०७३७ |
| ५ | तरकारी पकेट क्षेत्र विकास कार्यक्रम (सात समूहका७० ) | ० | ० | ७० | ६६६७६० | ७० | ६६६७६० |
| ६ | मूल तथा उपहार समूहका लागि आधारशिला तालिम | १४ | १९०७३० | २५ | २४२४९९ | ३९ | ४३३२२९ |
| ७ | मूल तथा उपहार समूहहरुका लागि पशुको उचित व्यवस्थापन | ६ | ३९३१५ | १५ | ७१४५७ | २१ | ११०७७२ |
| ८ | नर्सरी सहयोग | २ | १००००० | ९ | ५१००० | ११ | १५१००० |
| ९ | सामुदायिक कृषि तथा भेटेनरी उद्यमीहरुका लागि पशु स्वास्थ्य सामग्री सहयोग | ० | ० | ७ | २०६४९८ | ७ | २०६४९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | खसीबोका तौलने मेसिन सहयोग | ० | ० | २ | १४००० | २ | १४००० |
| ११ | २ बैठक | ० | ० | १ | १९९२० | १ | १९९२० |
| १२ | परियोजना व्यवस्थापन तथा अनुगमन समित बैठक | ० | ० | १ | २८००० | १ | २८००० |
| १३ | भकारो सुधार | ६७ | ६७०००० | ० | ० | ६७ | ६७०००० |
| १४ | राँगो अनुदान कार्यक्रम | ६ | १५०००० | ० | ० | ६ | १५०००० |
| १५ | मत्स्य विकास कार्यक्रम | | ५०००० | ० | ० | ० | ५०००० |
| १६ | जुकामाटेको औषधी | | २४७०० | ० | ० | ० | २४७०० |
| १७ | घाँस सहयोग (१४ समूहमा) | १४ | ४६०३८४ | ० | ० | १४ | ४६०३८४ |
| १८ | मौरी पालन अनुदान | १ | १००००० | ० | ० | १ | १००००० |
| १९ | सहकारी तथा कृषक अनुदान | १३ | ५९८७५६ | ० | ० | १३ | ५९८७५६ |
| २० | बंगुर स्रोत केन्द्र स्थापना | ५ | ९८००००० | ० | ० | ५ | ९८००००० |
| २१ | वार्ड स्तरीय परियोजना व्यवस्थापन समिति बैठक | २ | ११९२५ | ० | ० | २ | ११९२५ |
| २२ | कृषिसामग्री सहयोग | १८ | ५१७७४९ | ० | ० | १८ | ५१७७४९ |
| जम्मा | | **४७८** | **१६६२४८१९** | **४७९** | **६७६४८६१** | **९५६** | **२३३८९६८०** |

सैद्धान्तिक बेरुजु

६८.२ **कानुनी व्यवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन, २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्यून लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । तर पालिकाले यस बर्ष गो.भौ.८०।०७९।७।२५ बाट रु.४००००००।—पेशकि दिएको र २०८०।२०८०।२।४ बाट फछ्र्यौट गरेको छ । यसरी पेश्कि उपलव्ध गराउदा पालिकाले कानूनी प्रावधानको समेत मनन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६८.३ **लेखापरीक्षणः** सम्झौताको बुँदा नं. ८ अनुसार यो परियोजनाको वार्षिक लेखापरीक्षण आ.व. समाप्त भएपछि नेपालको प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्न योग्य चार्टर्ड एकाउन्टेन्ट फर्मबाट गराउनु पर्ने व्यवस्था छ । त्यस्तै दोस्रो पक्ष्यले स्थानिय साझेदार संस्थाको परीयोजनाको लेखापरीक्षण Nepal Auditing Standard Board को NSRS ४४००अनुसार गराउनुपर्ने उल्लेख छ । सम्झौता अनुसार स्थानिय साझेदार संस्थाको परीयोजनाको लेखापरीक्षण पेश गरेको नपाइएकोले सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८.४ पालिका र हेफर नेपालबीच २०७८ कार्तिक २८ गते भएको सम्झौताको बुदा नं. ७.२ मा परियोजना कार्यान्वयनका लागि दोस्रो पक्षले स्थानीय साझेदार संस्था मार्फत गराउन सक्ने र सोको लागि दोस्रो पक्षले छुट्टै सम्झौता गर्नुपर्ने व्यवस्था रहेकोमा हेफर नेपाल संस्थाबाट स्थानीय साझेदार संस्था नव प्रभात युवा संघ मार्फत सम्झौताको ९८.८ प्रतिशत कार्य गराई भुक्तानी लिएको पाइयो । हेफर नेपालले सो संस्थासँग छुट्टै सम्झौता गर्नुपर्ने व्यवस्था रहेतापनि सम्झौता गरेको देखिदैन । कार्यक्रम सञ्चालनको लागि हेफर नेपालले प्रत्येक आ.व. सुरू हुनु पूर्व विस्तृत कार्यक्रम तथा बजेट पालिकालाई पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस्तो कार्यक्रम र बजेट पालिकामा पेश गरेको नदेखिएकोमा केवल लेखापरीक्षणमा पेश भएको तथा पालिका अनविज्ञ रहेको पाईयो । सम्झौता पेश नभएकोले हेफर तथा स्थानीय साझेदार संस्था मार्फत गराउन सक्ने कार्यको अनुपात एकीन गर्न सकिएन ।

¬ हेफर प्रोजेक्ट इन्टरनेशन नेपाल (पान नं. ३००९९१८२६) मू.अ.कर दर्ता नभएकोसँग पालिकाले कार्यक्रम सम्झौता गरेको छ । सम्झौता भएको संस्था स्वयमले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकाबाट भुक्तानी भएको रु.६७६४८६१।— को स्वयमले बिजक जारी गर्नु पर्ने देखिन्छ ।

¬ सम्झौतामा भविश्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागि कर्मचारी, वितरण गरिने बाखा बोका पाठा पाठीको बीमा गराउनु गराउने व्यवस्था उल्लेख नभएकोले भविष्यमा आइपर्ने जोखिमको आँकलन गरेको पाइएन ।

¬ सम्झौताको बुँदा नं. ९ अनुसार संचालित कार्यक्रमको पालिकाबाट चौमासिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकाबाट यस्तो अनुगमन मुल्याङ्कन गरेर प्रतिवेदन तयार पारेको पाइएन । सो सम्वन्धमा समेत सुधार हुनुपर्दछ ।

¬ सम्झौताको बुँदा नं. ९ अनुसार पालिकाले कार्यक्रमको अन्तिम भुक्तानी हुनु अघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने व्यवस्था भए पनि यस्तो अनुगन भएको पाइएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकीन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

¬ सार्वजनिक निकायको संगठन संरचना ( कृषि,पशु ) को उपयोग गर्ने गरी जनशक्ति परिचालनको ढाँचा सम्झौतामा उल्लेख नभएको । साझेदार संस्थाबाट भएको कार्यक्रम अनुसारको विल भरपाई तथा कार्यक्रमको सार्वजनिक निकायबाट अपनत्व लिने र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारीबाट सार्वजनिक निकायलाई छुट्टै राखेको पाईयो । चालु प्रकृतिको खर्च र आम्दानीको सुनिश्चितता र बजेट स्वीकृत नहुदै खर्च विनियोजन र खर्च सिद्धान्त विपरित बहुवर्षिय सम्झौताको रुपमा साझेदारीको रुपमा सम्झौता गरेको पाईयो ।

¬ गुल्मीदरवार गाउँपालिका र हेफर नेपाल विच भएको सम्झौता अनुसार यस बर्षको लागि निर्धारीत वजेट रु.२९८५५६२३।३० (पालिका रु.२१८१२६८१।- र हेफर रु.८०४३५५२।-) मध्ये यस बर्ष रु.१२४३८४५७।—(४१.६६%) मात्रै खर्च भएको छ । सम्झौता अनुसार खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

– बार्षिक कार्यक्रम अनुसार ६ महिना देखि २ बर्षसम्मको तथा न्युनतम २० के.जी.को २१० वटा बाख्रा वितरण कार्यक्रमको रहेकोमा हेफरले १२० वटा बाख्रा २०७९।१२।२५ देखि २०८०।२।२९ सम्म विभिन्न मितिमा वितरण गरेको पाईयो। यसरी वितरीत बाख्राको स्थिति र प्रगतिको सम्वन्धमा अनुगमन गरी समिक्षा गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.५ बार्षिक कार्यक्रम अनुसार हेफरको तर्फबाट व्यहोर्ने गरी सरोकारवालाहरुलाई आधारशिला तालिम २०७९।७।३ देखि २०७९।७।६ सम्म गरी ४ दिनसम्म होटल महाराजा, बुटवलमा संचालन भएको जनाईरु.२६६१६५।—खर्च लेखेको छ । सो खर्च रकम ३७ जना सहभागिको जनाई खर्च दावी गरेकोमा तालिममा जम्मा सहभागि, प्रशिक्षक र संयोजक गरी ३५ जना मात्रै हरेको पाईएकोले २ जना बढी सहभागिको खर्च दावी गरेको रु.१४३८७।—असूल हुनुपर्दछ, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,३८७ |

६८.६ बार्षिक कार्यक्रम अनुसार कृषि सामाग्री तथा उपकरण अन्तर्गत १९६ वटा कृषकको लागि बाख्राको खोर बनाउने कार्यक्रम रहेकोमा १६४ वटा निर्माण गरेको पाईयो । यसरी १६४ वटा खोर निर्माणको लागि प्रति खोर लागत रु.४०६८९।१६ रहेकोमा प्रति खोरको लागि रु.७१७०।८७ बरावरको काठ खपत भएको जनाई कार्यसम्पन्न प्रतिवेदन बनाई भुक्तानी लिएकोमा सबै खोरहरुको काठ खरीदको विल भरपाई पेश गरेको छैन । यसरी खोर बनाउदा लागेको काठको मूल्य जोडि भुक्तानी लिएकोमा विल विजक पेश नभएकोले सोको प्रति खोर प्रति कृषकको रु.११७६०२३।-प्रमाण पेश हुने अन्यथा असूल हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,७६,०२३ |

६८.७ *✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु. २४,१००।- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६९ **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायीबाट देहायको रकम असुल गर्नुपर्ने रकम रु.

| क्र.सं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | नाइजल निर्माण सेवा | नदीजन्य पर्दाथको उत्खन्न | ७४१५०० | ३७०७५० | ३७०७५० |

| असुल गर्नुपर्ने | ३,७०,७५० |
|---|---|

## ७१ मूल्य समायोजन बिना धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८(२) र अर्थ मन्त्रालयको मिति २०६९।६।१७ च.नं ३०९ को परिपत्रमा मु.अ.कर भुक्तानी मासिक विवरण आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयमा पठाउनु पर्ने, अन्तिम भुक्तानी वा कुनै धरौटी फिर्ता गर्नुपुर्व त्यसरी भुक्तानी लिएका रकम र मुल्य अभिवृद्धि कर सम्वन्धित व्यवसायीले कर विवरणमा समायोजन गरे नगरेको तथा निजको नाममा अन्य बाँकी वक्यौता भए नभएको यकिन गरी भुक्तानी दिने व्यवस्था गर्नुपर्ने उल्लेख छ । कार्यालयले गो.भौ.नं ८।२०७९।१०।११ रुरु रुन्खा कन्सट्रक्सन एण्ड सप्लायर्सलाई रु.४३७५५५।८१ धरौटी फिर्ता गरेकोमा रु.४९६००।-रकम बराबरको मूल्य अभिवृद्धि कर समायोजन नभिडेकोले सम्बन्धित आ.रा.का को कर समायोजन पत्र पेश हुनुपर्ने रकम रु.

| प्रमाण पेश नगरेको | ४९,६०० |
|---|---|

## ७२ हिसाब मिलान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४(१) मा कार्यालयले आफ्नो नामबाट एकल कोष खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार धरौटीको बैंक नगदी किताब अनुसार मौज्दात रु.३९६५५५८/५४रहेको तर बैंक खाता अनुसार धरौटी मौज्दात रु.१०८४७४५३।३२ रहेकोले बैंक नगदी किताब र बैंक मौज्दात फरक परेको रु.६८८१८४९/७८ मिलान गरी धरौटी श्रेस्ता अद्यावधिक राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ७३ नविकरणीय उर्जा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण सम्झौता बमोजिम स्वीकृत रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले नविकरणीय उर्जा प्रविधि जडान अन्तर्गत वडाहरुमा सडक बत्ती जडान कार्यको लागि सम्वृद्धि नेपाल इनर्जी प्रा.लि, विराटनगरसँग सडक बत्ती जडानको लागि रु.७९७६२२।-को सम्झौता भएकोमा कार्य सम्पन्न अनुसार रु.७८६८३८।-को कार्य सम्पन्न प्रतिबेदन पेश भएकोले मूल्य अभिवृद्धि कर नलाग्ने आइटममा मूल्य अभिवृद्धि कर समेत रु.७९७६२२।-भुक्तानी भएकोले बढी भुक्तानी भएको असुल हुनुपर्ने रकम रु.

| असुल गर्नुपर्ने | १०,७८४ |
|---|---|

७४ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोलेलेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७५ **आवास पुनः निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न विभिन्न वडामा छनौंट भएका १२३ मध्ये विभिन्न ११३ जना व्यक्तिहरुसँग सम्झौता गरी प्रथम किस्ता वापत १०० जनाले ३००००/- का दरले रु- ३०००००० /- भुक्तानी गरेकोमा ८२ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले १८ जना लाभग्राहीले दोस्रो किस्ता वापतको रकम लिन नआएकोले प्रथम किस्ता वापत रु.५४००००/- अनुदान उपलव्ध गराएकोमा बाँकी रहेको किस्ता भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरी प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,४०,००० |

७६ **बिजक पेश नभएको**

बिजक पेश नभएकोः गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा देहायका निर्माण व्यबसायीले निर्मित कामको र कर्मचारीको विमा कम्पनीसँग विमा गराएको प्रोभिजनल सम आईटमबाट विमा प्रिमियम ल्याब टेष्ट र रिलोकेशनको शुल्क वापत रु.९२०००/-भुक्तानी गरेकोले विमाको कर विजक तथा ल्यावटेष्ट र रिलोकेशनको विल भर्पाई पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.

| गो.भौ.नं/मिति | निर्माण व्यवसायी | भुक्तानी आईटम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १८।२०८०।०२।०९ | अर्जुन विल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि, रेसुङ्गा | ल्याव टेष्ट | ५००००/- | Geo Testing and Construction Pvt. Ltd. बाट ल्याब टेष्ट |
| ५०।२०८०।३।२३ | श्रीकृष्ण कन्स्ट्रक्सन रेसुङ्गा, गुल्मी | ल्याब टेष्ट | ३००००/- | बुटवल इन्जियरिङ प्रयोगशालाबाट ल्याब टेष्ट |

| | | | | |
|---|---|---|---|---|
| ४८।२०८०।०३।२३ | शिवालय निर्माण सेवा | PS Item | १२०००/- | |
| जम्मा | | | ९२०००/- | |
| | | | असुल गर्नुपर्ने | ९२,००० |

७७ **स्मार्ट कृषि कार्यक्रम**

स्मार्ट कृषि गाँउ कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा स्मार्ट कृषि गाँउ कार्यक्रम सञ्चालन गर्दा लागत सहभागितामा सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले शिब शंकर स्मार्ट कृषिसँग भएको सम्झौता बमोजिम स्मार्ट कृषि गाँउले लागत मूल्याङ्कनको १५ प्रतिशत व्यहोर्ने सम्झौता रहेकोमा उक्त स्मार्ट कृषि गाँउसँग सम्झौता अनुसार हालसम्म देहाय अनुसार बढी भुक्तानी भएको रकम रु.

| आ.ब | कार्य सम्पन्न | हुनुपर्ने (८५%) | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| ०७७/७८ | १०९७७४९ | ९३३०८६ | ९७०००० | ३६९१३ |
| ०७८/७९ | ८६२४१२ | ७३३०५० | ७७६००० | ४२९५० |
| ०७९/८० | ६४७६७७ | ५५०५२५ | ५८२००० | ३१४७५ |
| जम्मा | | २२१६६६२ | २३२८००० | १११३३८ |
| | | | असुल गर्नुपर्ने | १,११,३३८ |

७८ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

| **भौ.न** | **उपभोक्तासमितिको नाम** | **कामकोविवरण** | **कूलखर्च** | **भुक्तानी (मेसिन)** |
|---|---|---|---|---|
| ११९ | ठुलोपोखरास्यालापानी खड्काटोल मो.ब | मो.बा स्तरउन्नती | २१८,६६५.८७ | ६९,४१६.०० |
| १९१ | निदुररिङ्ग रोड उ.स | निदुररिङ्ग रोड | २१८,४६८.१० | १७५,०५३.८४ |
| ३७१ | चारखुट्टेमो.बा स्तरउन्नती उ.स | चारखुट्टेमो.बा स्तरउन्नती | २१८,९९८.१६ | २०८,६०९.०० |

| | | | | |
|---|---|---|---|---|
| १४१ | वडास्तरीयमो.बा. मर्मत सम्भार उ.स | मो.बास्तरउन्नती वडा न. १ | १,३४९,९४८.९६ | १,२१२,७०१.२९ |
| ३७२ | सिद्धेपधेरो ढुङ्गेडाडा हुँदै गाप्टुङ्ग मो.बा | मो.बास्तरउन्नती | २१९,६२२.८० | २०३,४६७.०० |
| ४१ | जुभुङ्गमो.बा मर्मत सम्भार उ.स | जुभुङ्गमो.बा मर्मत सम्भार | ७३५,६४७.३१ | ६७९,००७.२० |
| ५३ | वडास्तरीयमो.बा. मर्मत सम्भार उ.स | मो.बा. मर्मत सम्भार वडा न.३ | ५४३,३२३.२२ | ४८५,११९.६२ |
| ७० | विभिन्नसडकहरु स्तरउन्ती मर्मत | विभिन्नसडकहरु स्तरउन्ती वडा न.६ | १,४९८,१९३.५० | १,३४७,४०४.०७ |
| ७२ | डाडाटोलझाक्रीपानी मो.बा निर्माण उ.स | डाडाटोलझाक्रीपानी मो.बा निर्माण | ११०,०३७.९१ | ९७,०००.०० |
| ५९ | वडास्तरीयमो.बा मर्मत उ.स | मो.बामर्मत वडा. ५ | ५६९,२४३.२८ | ५०४,४८३.७४ |
| २१४ | वडास्तरीयमो.बा मर्मत सम्भार उ.स | मो.बामर्मत सम्भार वडा न ६ | ६९९,५४९.०७ | ६३०,६०४.६८ |
| ३१५ | गाहाबारीहिमाचौर नयाँखर्क बुडीचौर मो.बा | मो.बा निर्माण | १६४,९९५.८२ | १४६,५३८.६८ |
| ८७ | वडास्तरीयमो.बा. मर्मत उ.स | मो.बा.मर्मत वडा न. ७ | ९७७,८९६.२७ | ८७३,१४६.६९ |
| १३ | बिरबासजिमी बाँधखोला मो.बा बि उ.स | मो.बा बिस्तार | १,०६९,४२७.८५ | ९६९,२४१.०० |
| ४४ | घुर्ती भेडीखोर दलवाङ्ग मिसुगा सडक | सडक स्तर उन्नती वडा न.२ | १,६६६,४३३.३५ | १,४९१,२२८.७५ |
| ३४२ | मो.बामर्मत सम्भार उ.स | मो.बामर्मत सम्भार वडा न. ७ | ५६२,५२९.९९ | ५०४,४८३.६५ |
| ३५२ | वडा स्तरीयमो.बा. मर्मत उ.स | मो.बा. मर्मत वडा न. ६ | ४२९,९८०.९८ | ३८८,२७८.८४ |
| ३७३ | वडाकाविभिन्न मो.बा. मर्मत उ.स | मो.बा. मर्मत वडा न. १ | ८६३,७९९.५९ | ७७१,१८७.१० |
| ३८२ | वडा स्तरीयमो.बा. मर्मत उ.स | मो.बा. मर्मत वडा न. ६ | ८३६,०३३.४४ | ७५१,८७४.९७ |
| २५३ | वडास्तरीयमो.बा. मर्मत उ.स | मो.बा.मर्मत वडा न. ७ | ४४५,२६५.६९ | ३९७,७१३.३५ |

| जम्मा | १३,३९८,०६१.१६ | ११,९०६,५५९.४७ |
|---|---|---|

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७९ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न राजश्व दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु..

| क्र सं | आय शिर्षक | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| १ | सिफारिस दस्तुर | २०८९०० | २०७२०० | १७०० |

| असुल गर्नुपर्ने | १,७०० |
|---|---|

८० **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८१ **कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले सूर्योदय खानेपानी तथा सरसफाई आयोजना सोलार समुह र ठुलो काब्रे पोखरी सूर्योदय खानेपानी आयोजनाको लागि विभिन्न साइजका फेरुल गेट भल्ब २७९४ थान र विभिन्न साइजका एचडिपीई पाइप २६८४४ मिटर समेत रु.३७५००११।-मूल्यको पाइप तथा फिटिङ्ग सामाग्री खरिद गरी ती खानेपानी योजनालाई बुझाएको भएता पनि उक्त सामान लेइङ्ग र जोइन्टिङ्गको काम हुन बाँकी रहेको प्राविधिक मूल्याङ्कन सहितको कार्य सम्पन्न प्रतिबेदन पेश हुनुपर्दछ ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

८२ **पाईप मौज्दात**

सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यकता पहिचान गरेर सोही आधारमा जिन्सी सामान खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले खानेपानी तथा सिंचाई योजनामा प्रयोग हुने पाईप योजनाको पहिचान नगरी कुन योजनामा कति पाईप आवस्यक पर्ने हो सो को एकिन नगरी देव प्लाष्टिक इण्ड्रष्ट्रीज तिलोत्तमा, रुपन्देहीबाट रु.४८७३९४/५८ मुल्य बराबरका १४७२७.९० मिटर विभिन्न साइजका HDPE पाइप खरिद गरी जिन्सी मौज्दात रहेको छ । पालिकाले पाइप खरिद गर्दा कुन कुन खानेपानी योजनामा प्रयोग हुने हो सो को यकिन गरेर मात्र पाइप खरिद गर्नुपर्नेमा योजना यकिन नहुँदै पाइप खरिद गरेको छ । खरिद गरेका पाइपहरु योजनालाई हस्तान्तरण गरी प्रयोगमा ल्याउनु पर्दछ ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

८३ **अनुपात फरक परेको**

प्रदेश सरकारबाट हस्तान्तरित योजना कार्यान्वयनमा पालिका र प्रदेश सरकारको समपुरक बजेट खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश सरकार र पालिकाको समपुरक कोषमा रु.९८६३७५४।—वजेट प्राप्त भएकोमा तिन आयोजनामा रु.१२१९७४१८।—खर्च भएको मध्ये प्रदेश योगदान रहने रु.६०९८७०९।—देखिन्छ ।तर पालिकाले विभिन्न भौचरबाट प्रदेश तर्फको वजेटबाट रु.८६०६०३७।—खर्च लेखेको पाईएकोले बढी भुक्तानी रकम रु.१२४९६११।- प्रदेश संचिति कोषमा दाखिला हुनुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४९,६११ |

८४ **१५ बेड अस्पताल निर्माण**

गाँउपालिकाले १५ शैया अस्पताल निर्माणको लागि रु.१७४२८७१७७।०८ को लागत अनुमान तयार गरी निमार्ण व्यवसायी विकोई/अर्जुन/न्यू लिजा जे.भी, गुल्मीसँग मिति २०८०।०३।३० भित्र काम सक्ने गरी २०७८।०३।२५मा रु.१२९४५६९१३।१६ को सम्झौता गरेकोमा हालसम्म मूल्य समायोजन सहित रु.१४११९०५५५।-कार्यसम्पन्न तयार भएको छ । यस आ.ब मा बजेट रु.२२२३५१४०।६५ नपुग रहेकोले आ.ब ०८०।०८१ मा भुक्तानी बाँकी राखेको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन् ।

८४.१ **भवन हस्तान्तरण नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न पश्चात सार्वजनिक निकायलाई भवन हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त भवन निर्माण कार्य सम्पन्न भएता पनि पालिकालाई हस्तान्तरण गरेको पाइएन ।समयमा हस्तान्तरण गरी उक्त भवन सञ्चालनमा ल्याउनु पर्दछ ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

८४.२ **पेश्की जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यबसायी वा आपूर्तिकर्ताले सम्झौता बमोजिमको नियमावलीमा उल्लेखित समयावधि सम्मको पेश्की जमानत लिनुपर्ने व्यबस्था रहेको छ । पालिकाले १५ शैया अस्पताल निर्माणको बिकोई अर्जुन न्यू लिजा जेभी रेसुङ्गा लाई दिएको पेश्की रु.२१६६०००।-बाँकी रहेको र उक्त निर्माण कार्यको निर्माण व्याबसायीले पेश गरेको पेश्की जमानत कृषि विकास बैंक, तम्घास शाखाले जारी गरेको

जमानतको म्याद मिति २०८०।३।२३ सम्म म्याद रहेको बैंक जमानत रु.३७६६०००।-को अवधि समाप्त भएको र सो को अविध थप नभएको र हाल सम्म पनि पेश्की फस्यौंट समेत नभएकोले पेश्की जमानत लिनु पर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २१,६६,००० |

८४.३ **फिल्ड निरीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम११२(ङ) मा निर्माण कार्य सम्पन्न भएको त्रुटी सच्याउने अवधि भित्र निर्माण कार्यमा टुटफुट भएमा अथवा भत्केमा उक्त निर्माण व्यवसायीबाट निर्माण वा मर्मत सुधार गर्न लगाउनु पर्ने व्यवस्था रहेको छ । उक्त भवनको फिल्ड भिजिट गर्दा भवनको पर्खाल भत्किएको तथा पूर्वीतर्फको ग्राउण्ड भासिएको अवस्थामा रहेको पाइयो । जसले गर्दा उक्त भवन पहिरोको जोखिममा रहेको पाइयो ।पालिकाले उक्त भवनमा भासिएको भागको निर्माण कार्य गर्न लगाई भवनलाई सुरक्षित राख्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

८५ **निर्माण कार्य अधुरो रहेको**

***५........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु. २४,४१,२४१।- सम्परीक्षण गरिएको ।)***

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ० |

८६ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु.३७०७५०।-आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

८७ **अनुगमन मुल्यांकन**

स्थानिय तह कार्य सञ्चालन निर्देशिकामा गाँउपालिका भित्र सञ्चालन भएका पाँच लाख भन्दा माथीका आयोजना तथा कार्यक्रमहरु उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारीस गर्नु पर्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट भुक्तानी भएका विद्यालय भौतिक निर्माण,मोटरबाटो निर्माण, नमुना विद्यालय निर्माण,कृषि ,पशु अनुदान लगायत उपभोक्ता समुहबाट भए गरेका कामहरु के कस्तो अबस्थामा निर्माण सम्पन्न भएका छन सो को गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्नु पर्नेमा अधिकांश अनुगमन संयोजकको उपस्थितमा गरीएको र अनुगमन प्रतिवेदनमा कुनै पनि व्यहोरा उल्लेख नगरेको तथा कतिपय निर्माण कार्य सम्पन्न

भएको भनिएता पनि अनुगमन प्रतिवेदनमा निर्माणको क्रममा रहेको भनि उल्लेख भएकोले अनुगमन केवल औपचारिकतामा मात्र सिमित रहेको पाईयो । कानुनमा भएको व्यबस्था अनुसार स्थलगत रुपमा अनुगमन गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाई यथार्थ र सार्थक रुपमा अनुगमन गरीनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८८ **भु-उपयोग नीति**

गुल्मी दरबार गाँउपालिकाको भु-उपयोग योजना तर्जुमा तथा भु उपयोग वर्गीकरण कार्यविधि अनुसार गुल्मी दरबार गाँउपालिकाको कुल ७९९९८९५३.६९ वर्ग मिटर जग्गा क्षेत्रफललाई १० देखि १५ वर्षमा हुने गाँउपालिकाको भु-उपयोग अवस्थालाई कृषि,, आवास व्यवसायिक शहरी, औद्योगिक खानी तथा खनिज क्षेत्र, वनजंगल, नदी ताल तलैया लगाथत १० वटा क्षेत्रमा वर्गीकरण गरिएको छ । भु उपयोग नीति बनाउनको लागि पालिकाले गरुडा इन्फ्राटेक इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि काठमाडौंसँग सम्झौता गरी रु.९५१७४२।-भुक्तानी खर्च लेखेको छ ।उक्त नीतिलाई पालिकाले नापी विभागसँगको Data सँग सम्मिलित गरी पालिकाले तयार पारेको भु उपयोग नीतिलाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.३०९०७१८।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.३०९०७१८।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** | | |
|---|---|---|---|---|---|---|
| | | | | **म्याद बाँकी** | **म्याद नाघेको** | **जम्मा** |
| ४१ | २०७९/०४/०१ | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | नारायण प्रसाद अर्याल | - | १,८०,००० | १,८०,००० |
| ३९ | २०७९/०६/०६ | बिमा तथा नवीकरण खर्च | भिमसेन थापा | - | २,२५,००० | २,२५,००० |
| ३२७ | २०८०/०३/२० | सस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन | रोमनाथ कंडेल | - | १,५५,००० | १,५५,००० |
| ८०९ | २०८०/०३/२४ | अवलोकन भ्रमण | प्रकाश थापा | - | ३,२५,००० | ३,२५,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | २०७९/०४/०१ | इश्वरी मा.वि.प्राविधिक कार्यालयबाट वित्तिय हस्तान्तरण भइ भुक्तानी दिनु पर्ने वडा नं. ६ | इश्वरी मा.वि. | - | ३००००० | ३००००० |
| ५१ | २०७९/१०/१७ | एम्बुलेन्स तथा सवारी साधन खरिद | अग्नी इन्कर्पोरेटेड प्रा.लि. | - | १८,७५,७१८ | १८,७५,७१८ |
| ४१ | २०७९/०६/०६ | बिमा तथा नवीकरण खर्च | भिमसेन थापा | - | ३०,००० | ३०,००० |
| **जम्मा** | | | | - | **३०९०७१८** | **३०९०७१८** |

| | |
|---|---|
| पेश्की | ३०,९०,७१८ |

९० **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमका कार्यक्रममा– निकाय व्यक्ति तथा संस्थालाई रु.२४,६६,०००।-पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** | | |
|---|---|---|---|---|---|---|
| | | | | **म्याद बाँकी** | **म्याद नाघेको** | **जम्मा** |
| २३ | २०७९/०४/०१ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (१५ शेयाको अस्पताल निर्माण) | विकोइ अर्जुन न्यु लिजा जे. भि | २१,६६,००० | - | २१,६६,००० |
| २३ | २०७९/०४/०१ | इश्वरी मा.वि.प्राविधिक कार्यालयबाट वित्तिय हस्तान्तरण भइ भुक्तानी दिनु पर्ने वडा नं. ६ | इश्वरी मा.वि | ३,००,००० | - | ३,००,००० |
| **जम्मा** | | | | **२४,६६,०००** | - | **२४,६६,०००** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: गुल्मीदरबार गाउँपालिका, गुल्मी , गुल्मीदरबार गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rajiv Panthi | २०७९-१२-२९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Laxman Pandey | २०७७-२-२१ | २०७९-१२-२८ |
| लेखा प्रमुख | Tekraj Giri | २०७९-७-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bhabisya Aryal | २०७७-१-१६ | २०७९-६-३१ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८६८,३१० | १८,७५८,०९७ | १२,१२४,२२४ | ० | ० | ३,०९०,७१८ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३५,८४१,३४९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,९५२,१४१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ४८६,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३३,३७५,२०८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६९०७१७१६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४४९१७४३५ | **चालु खर्च** | ३२०४३२३३३ |
| **प्रदेश सरकारबाट अनुदान** | २९५४२७५४ | **पूँजीगत खर्च** | १४७१३२११६ |
| **राजश्व बाँडफाँट** | ६८६८६७५१ | **वित्तीय/अन्य व्यवस्था** | १८५२७०९४१ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | ७१११०८९.० | | |
| **अन्य आय** | १७६०८४६८८ | | |
| **कुल आय** | ६२६३४२७१७ | **कुल खर्च** | ६५२८३५३९० |
| **बाँकी मौज्दात** | | ४२५७९०४३ | |

**बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३**

एकीकृत वित्तीय विवरण-

| सि.न. | आम्दानी विवरण | | | कैफियत | सि.न. | खर्च विवरण | |
|---|---|---|---|---|---|---|---|
| | शिर्षक | गत वर्षको अल्या | यस वर्षको आम्दानी | | | शिर्षक | रकम रु. |
| १ | गत बर्षको बैंक अल्या | ५९,७७८,२१३.८४ | ६९,०७१,७१५.४९ | | १ | चालु खर्च | ३२०,४३२,३३२.८० |
| २ | नेपाल सरकार समानिकरण अनुदान | | ९८,६०५,०००.०० | | २ | पुंजिगत खर्च | १४७,१३२,११६.०७ |
| ३ | नेपाल सरकार ससर्त अनुदान | | २२२,९८५,०००.०० | | ३ | धरौटी फिर्ता | १,६४९,८७१.८७ |
| ४ | नेपाल सरकार समपुरक अनुदान | | ३,३८५,२१६.०० | | ४ | संघमा फिर्ता रकम | १०,६९५,७९२.४८ |
| ५ | नेपाल सरकार विशेष अनुदान | | १९,९४२,२१९.०० | | ५ | प्रदेशमा फिर्ता रकम | २,७१६,६२५.०० |
| ६ | समानीकरण अनुदान लुम्बीनी प्रदेश | | ५,६७९,०००.०० | | ६ | स्थानिय तह प्रकोप व्यवस्थापन कोषको खर्च | - |
| ७ | सशर्त अनुदान लुम्बिनी प्रदेश सरकार | | ८,०००,०००.०० | | ७ | भाषा सांस्कृति संरक्षण | १,०००,०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | (प्रदेश सरकार) | |
| ८ | विशेष अनुदान लुम्बिनी प्रदेश सरकार | | ६,०००,०००.०० | | ८ | स्थानीय पूर्वाधार विकास सझेदारी कार्यक्रम | |
| ९ | समपुरक अनुदान लुम्बिनी प्रदेश सरकार | | ९,८६३,७५४.०० | | ९ | सामाजिक सुरक्षा | १२८,२८०,८००.०० |
| १० | नेपाल सरकार राजस्व बाँडफाँड | | ६३,९३०,८९३.३६ | | १० | कृषि उत्पादन खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | - |
| ११ | सवारी राजस्व बाँडफाड लुम्बिनी प्रदेश सरकार | | ४,७५५,८५७.७९ | | ११ | गरिव संग विश्वेश्वर कार्यक्रम | ४६३,०००.०० |
| १२ | मालपोत रजिष्ट्रेसन दस्तुर | | | | १२ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ४०,४६४,८५१.६२ |
| १३ | आन्तरिक आम्दानी | | ७,१११,०८८.९० | | १३ | **बैंक बाँकी विवरण** | |
| १४ | स्थानीय पूर्वाधार विकास सझेदारी कार्यक्रम | | - | | | मूल कोष खातामा बैंक मौज्दात | २९,९६९,८५४.९७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | अन्य आम्दानी (जनसहभागिता) | | - | | | विविध कोष खाता | १,०००,०००.०० |
| | विविध आय | | १,९१०,४७८.४३ | | | विविध खर्च खाता | १००,०००.०० |
| १६ | धरौटी आम्दानी | ८,५३१,७६६.६५ | ३,९६५,५५८.५४ | | | धरौटी बाँकी | १०,८४७,४५३.३२ |
| १७ | विभिन्न कोषको बाँकी रकम | | | | | स्थानिय तह प्रकोप व्यवस्थापन कोषको | ६६१,७३५.०० |
| १८ | असहाय उपचार स्वास्थ्य कोष | | | | | | |
| १९ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ६६१,७३५.०० | | | | | |
| २० | पेश्की पे.फ बाट अम्दानी | | | | | | |
| २१ | विविध खर्च खाता | १००,०००.०० | | | | | |
| २२ | सामाजिक सुरक्षा | | १२८,२८०,८००.०० | | | | |
| २३ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | ४०,४६४,८५१.६२ | | | | |
| २४ | गरिव संग विश्वेश्वर कार्यक्रम | | ४६३,०००.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | भाषा सांस्कृति संरक्षण (प्रदेश सरकार) | | १,०००,०००.०० | | | | |
| | **जम्मा** | | **६९५,४१४,४३३.१३** | | **जम्मा** | | **६९५,४१४,४३३.१३** |

**सुत्रको वित्तीय विवरण-**

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५४,६८,७७, ९८७.०० | ४४,०७,५५, ५७४.८७ | | ४४,०७,५५, ५७४.८७ | ४४,०९,५९, २४९.५९ | | ४४,०९,५९, २४९.५९ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ५४,६८,७७, ९८७.०० | ४३,६७,८६, ०१६.३३ | ० | ४३,६७,८६, ०१६.३३ | ४३,९१,३७, ४६१.८८ | ० | ४३,९१,३७, ४६१.८८ |
| ११००० कर | ११ | ९,०२,०८,० ००.०० | ७,३८,४१,५ ४४.८१ | ० | ७,३८,४१,५ ४४.८१ | ७,५१,८१,९ ८३.२३ | ० | ७,५१,८१,९ ८३.२३ |
| १३००० अनुदान | | ३९,१३,६४, ०००.०० | ३६,१०,४७, ७७१.५२ | ० | ३६,१०,४७, ७७१.५२ | ३६,१५,६०, ५७८.६५ | ० | ३६,१५,६०, ५७८.६५ |
| संघीय सरकार | १२ | ३५,६६,८५, ०००.०० | ३३,४२,२१, ६४२.५२ | ० | ३३,४२,२१, ६४२.५२ | ३२,८४,६२, ७२६.१२ | ० | ३२,८४,६२, ७२६.१२ |
| प्रदेश सरकार | १२ | ३,४६,७९,० ००.०० | २,६८,२६,१ २९.०० | ० | २,६८,२६,१ २९.०० | ३,२९,०८,६ ९०.५३ | ० | ३,२९,०८,६ ९०.५३ |
| जनसहभागिता | | ० | ० | ० | ० | १,८९,१६२. ०० | ० | १,८९,१६२. ०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | १३,५०,०० ०.०० | १८,९६,७० ०.०० | ० | १८,९६,७० ०.०० | २३,९४,९० ०.०० | ० | २३,९४,९० ०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ६,३९,५५,९ ८७.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | | ३९,६९,५५ ८.५४ | | ३९,६९,५५ ८.५४ | १८,२१,७८ ७.७१ | | १८,२१,७८ ७.७१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | ३९,६९,५५ ८.५४ | ० | ३९,६९,५५ ८.५४ | १८,२१,७८ ७.७१ | ० | १८,२१,७८ ७.७१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५४,६८,७७, ९८७.०० | ४७,२०,५५, ३८४.०५ | | ४७,२०,५५, ३८४.०५ | ४३,९१,६३, ५५५.६३ | | ४३,९१,६३, ५५५.६३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४,६८,७७, ९८७.०० | ४७,०४,०७, ९६२.१८ | | ४७,०४,०७, ९६२.१८ | ४३,७३,४१, ७६७.९२ | | ४३,७३,४१, ७६७.९२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ७,३६,५६,० ००.०० | ६,५२,४५,९ ७५.६२ | ० | ६,५२,४५,९ ७५.६२ | १६,०३,७९, ८६२.१२ | ० | १६,०३,७९, ८६२.१२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,५१,९३, ९८७.०० | ९,६७,८५,७ ६९.७५ | ० | ९,६७,८५,७ ६९.७५ | ५,९७,८७,० ३२.२१ | ० | ५,९७,८७,० ३२.२१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | १६,१५,०० ०.०० | १०,०३,२२ ५.०० | ० | १०,०३,२२ ५.०० | २९,७४,०० ०.०० | ० | २९,७४,०० ०.०० |
| २६००० अनुदान | १८ | १५,६५,५९, ०००.०० | १४,९४,११, ५९२.२४ | ० | १४,९४,११, ५९२.२४ | ६,००,५६,९ ५७.६० | ० | ६,००,५६,९ ५७.६० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९१,२९,०० ०.०० | ७१,२४,६५ ४.५० | ० | ७१,२४,६५ ४.५० | ८१,९३,१२ १.०० | ० | ८१,९३,१२ १.०० |
| २८००० अन्य खर्च | १८ | ३३,१०,०० ०.०० | २७,५०,४१ ६.०० | ० | २७,५०,४१ ६.०० | २,६७,७०,५ १९.१० | ० | २,६७,७०,५ १९.१० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,७४,१५, ०००.०० | १४,८०,८६, ३२९.०७ | ० | १४,८०,८६, ३२९.०७ | ११,९१,८०, २७५.८९ | ० | ११,९१,८०, २७५.८९ |
| घ. अन्य भूक्तानी | | | १६,४७,४२ १.८७ | | १६,४७,४२ १.८७ | ४३,९१,६३, ५५५.६३ | | ४३,९१,६३, ५५५.६३ |
| कोषहरु | | ० | ० | ० | ० | ० | ० | ० |
| धरौटी | | ० | १६,४९,८७ १.८७ | ० | १६,४९,८७ १.८७ | १८,२१,७८ ७.७१ | ० | १८,२१,७८ ७.७१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२,४५०.०० | | -२,४५०.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (३,१२,९९,८ ०९.१८) | | (३,१२,९९,८ ०९.१८) | १७,९५,६९ ३.९६ | | १७,९५,६९ ३.९६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,५२,३५,२२२.६९ | | ६,५२,३५,२२२.६९ | ५,०३,५६,८४२.६८ | | ५,०३,५६,८४२.६८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३,३९,३५,४१३.५१ | | ३,३९,३५,४१३.५१ | ५,२१,५२,५३६.६४ | | ५,२१,५२,५३६.६४ |
| बैंक तथा नगद बाकी | २४ | | ३,३९,३५,४१३.५१ | | ३,३९,३५,४१३.५१ | ५,२१,५४,३९९.६४ | | ५,२१,५४,३९९.६४ |

संपरीक्षणबाट थप भएको बेरूजू

| **क.सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । पालिकाले ३ जना दरवन्दी रहेको ठूलोपोखरा मा.वि.मा (नि.मा.वि.तर्फ) ३ जना दरवन्दि रहेको अवास्थामा पुनः २ जना शिक्षकको तलव निकासा हुने रु.४८६०००।—निकासा दिएको छ । पालिकाले अनुदान दिएको विद्यालयमा ६-८ विद्यार्थी जम्मा ५० जना मात्र देखिन्छ । यसरी न्युन विद्यार्थि देखिएको विद्यालयमा थप शिक्षकको हुने अनुदान रकम रु.४८६०००।-स्विकृति वेगर निकासा दिइएको पाइएकोले यस्तो रकम अनियमित देखिएको रु. | ४८६००० |